# स्थानीय कोष अभिवृद्धी तालिम प्रतिवेदन

६-१० डिसेम्बर, २०१९, चितवन, ठिमुरा









CSRC
आत्मनिर्भर केन्द्र

## विषयसूची

**पृष्ठभूमि** ........ १
**पहिलो दिन** ........ २
चेन्ज द गेम एकेडेमी के हो ? ........ २
अपेक्षित परिणाम ........ २
सहभागीहरूबाट बुझाई र अपेक्षा संकलन ........ ३
स्थानीय कोष अभिवृद्धी र परिचालन ........ ३
के हो स्थानीय कोष अभिवृद्धी ? ........ ५
स्थानीय स्रोत परिचालनको प्रकार ........ ५
स्थानीय कोष संकलनका विशेषताहरू ........ ८
सहयोगीको प्रकार ........ ९
**दोस्रो दिन** ........ १०
सक्रिय सुनुवाई ........ १०
स्थानीय स्रोत अभिवृद्धिमा सन्देश तयार गर्दा ध्यानदिनुपर्ने पक्षहरू ........ ११
स्थानीय स्रोत खोजी, परिचालनका चरण र आयको स्रोतहरू ........ १२
सहयोगी प्रोफाईलको महत्व चरणहरू ........ १४
स्थानीय कोष अभिवृद्धी र उपयोगको योजना निर्माण सम्बन्धी अभ्यास ........ १६
**तेस्रो दिन** ........ १९
स्थानीय स्रोत खोजी र परिचालनका लागि सञ्चार ........ १९
सम्भावित सहयोगी पहिचान ........ २०
प्रस्तुतीकरण क्षमता ........ २१
छोटो समयमा प्रभावकारी सन्देश प्रवाह ........ २२
**चौथो दिन** ........ २५
अनलाईन कोर्ष ........ २५
**पाँचौ दिनः** ........ २६
स्थानीय कोष संकलन समूह गठन ........ २६
कार्यात्मक टोलीको भूमिका ........ २६
स्थानीय कोष संकलन योजना ........ २८
समापन ........ ३१
कार्यसुची र समय तालिका ........ ३२
सहभागी ........ ३६

## पृष्ठभूमि



सामाजिक अभियान लगायत विकासको काममा स्रोतको आवश्यकता पर्छ । स्रोत भनेको आर्थिक, ज्ञान, मानवीय सबै खाले हो । स्रोत जुटाउन संस्था तथा सङ्गठनलाई सजिलो छैन । प्रस्तावना लेखेर स्रोत खोजी गर्ने कार्य आधारभूत तहका सङ्गठनका लागि कठिन काम हो । बाहिरी स्रोतमा मात्र भर परियो भने त्यो अभियान नभएर परियोजना हुने स्थिती हुन्छ । त्यसैले अभियानमा आवश्यक स्रोत आफैले जोहो गर्नुपर्छ । जुन दिगो र ब्यवहारिक हुन्छ ।

निश्चित अवधीको परियोजनाको लागि आएको रकम मात्र परिचालन गरेर दिगो सामाजिक रूपान्तरण हुन सक्दैन । त्यसैले संस्था, सङ्गठनहरूलाई संधै जिवित र दिगो बनाउन स्थानीय स्रोतको विकास र परिचालन जरूरी हुन्छ ।

स्थानीय स्रोत जुटाउने भनेर मात्र पुग्दैन । त्यसको लागि प्रतिवद्द व्यक्ति र तिनको समूहले काम गर्नुपर्दछ । स्थानीय स्रोत परिचालन मार्फत गरिएको सामाजिक रूपान्तरणको प्रकृयामा समुदाय र सरोकारवालाको पनि अपनत्व रहन्छ ।

Wilde Ganzen Foundation संगको सहकार्य र चेन्ज द गेम एकेडेमीको सहजीकरणमा ३ देखी १४ डिसेम्बर, २०१८ मा नेपालमा स्थानीय कोष अभिबृद्धी र परिचालन सहयोग सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम भएको थियो । उक्त तालिममा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबाट २ जनाले स्थानीय कोष अभिबृद्धी र २ जनाले परिचालन सहयोग प्रशिक्षक प्रशिक्षण तालिम लिएका थिए । उक्त तालिममा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले स्थानीय कोष अभिबृद्धी तालिम संञ्चालन गर्ने योजना गरेको थियो ।

भूमि अधिकार अभियानमा स्थानीय तहमा कसरी स्रोत अभिवृद्दि भईरहेको छ ? अवका दिनमा यसलाई कसरी अझै सुदृढ बनाउन सकिन्छ भन्ने विषयमा स्थानीय कोष अभिवृद्दि तालिम आयोजना गरिएको हो । यस तालिमले सहभागीहरूलाई स्थानीय स्रोत खोजी गरेर नै भूमि अधिकार प्राप्तीको अभियान सञ्चालन गर्न सकिन्छ भन्ने विश्वास सहितको सिकाई थपेको छ ।

तालिम ६ देखी १० डिसेम्बर, २०१९ मा चितवनको ठिमुरामा भएको थियो । १३ जिल्लाका भूमि अधिकार अभियानमा क्रियासिल सदस्य, अगुवा र अभियानकर्ता गरी २७ जना (१२ पुरूष १५ महिला) को सहभागीता थियो । तालिमको सहजीकरण प्रभा परियार, विष्णु शेर्मा र कुमार थापाले गरेका थिए ।

## पहिलो दिन

**चेन्ज द गेम एकेडेमी के हो ?**

चेन्ज द गेम एकेडेमीले कम तथा मध्यम स्रोत भएका देशका संस्था तथा सङ्गठनहरूलाई कसरी स्थानीय स्रोत संकलन र परिचालन गर्न सकिन्छ भन्ने विषयमा समुदायको व्यक्तिहरूको क्षमता तथा शक्ती निर्माणको लागि सहजीकरण गरिरहेको छ । यसले विशेष गरी स्थानीय कोष अभिवृद्धी र अर्को स्थानीय परिचालन सम्बन्धी विषयमा सहजीकरण गरिरहेको छ । यी दुवैले सामाजिक रूपान्तरणको प्रकृयालाई दीगो बनाउने विषयलाई सहयोग पुऱ्याउँछ । चेन्ज द गेम एकेडेमीमा ४५ स्वयम् सेवक छन् । सोही विषयमा प्रशिक्षित गरिएको ९ सय समाजिक सङ्गठन छन् । ३ सय जनाले यो प्रकृयामा सहयोग गर्दै आएका छन् ।

**तालिमको लक्ष्यः** स्थानीय स्रोत परिचालन मार्फत सामाजिक अभियान/आन्दोलनको प्रकृयामा सचेतरूपमा योगदान पुऱ्याउन सबल, सक्षम तथा क्रियासिल अगुवा र अभियन्ता समुह तयार गर्ने ।

**अपेक्षित परिणाम**

- भूमि अभियानकर्मीहरूलाई सामाजिक रूपान्तरणको प्रकृयामा स्थानीय स्रोत परिचालन अभ्यासबारे सहभागीतामूलक ढंगले ज्ञान हाँसिल गरी स्रोत खोजी र परिचालन गर्ने सिप बढाउने । साथै सामाजिक रूपमान्तरणको प्रकृयामा स्थानीय स्रोत खोजी र परिचालनको महत्वबारे स्पष्ट गराउने ।
- स्थानीय स्रोत खोजी र परिचालनको कार्यप्रकृयाबारे गहिरो अभ्यास, घटना अध्ययन र अनुभवहरूको निचोडहरूबाट सिक्दै स्थानीय स्रोत खोजी र परिचालन सम्बन्धी योजना निर्माण र सहजीकरण शिप विकास गर्ने ।
- अगुवा, अभियानकर्ता र सहजकर्तामा आपसको स्थानीय स्रोत खोजी र परिचालन सम्बन्धी ज्ञान र परिवेशजन्य अनुभवहरू साटासाटा गरेर नयाँ सिकाईहरू हाँसिल गर्ने वातावरण बनाउने ।

**सहभागी परिचय**

सहभागीहरूलाई चित्र कार्ड वितरण गरिएको थियो । उस्तै चित्र पर्ने दुई जनावीच साथी बनाईयो । परिचय गर्दा स्थानीय स्रोत खोजीमा आफुले गरेको एउटा अभ्यास सहित एकले अर्को साथीको परिचय गरिएको थियो । नामले मात्र भन्दा पनि कामसँगै जोडीदा साथी पनि चिनिने र अनुभवहरू पनि बाँडिने भएकाले यस अभ्यासबाट सवै सहभागी चाँडै एकअर्का प्रति नजिकिई सिकाई आदान प्रदान गरेका थिए ।

परिचयको क्रममा गोप्य साथीका लागि गोला प्रथाद्वारा नाम टिप्न लगाईयो । आफुलाई जस्को नाम आउँछ तालिम अवधीभर त्यो साथीको हेरचाह गर्ने ध्यान दिने र अन्तिम दिन मात्र आफ्नो गोप्य साथीलाई केही चिनो दिएर विदा गरिएको थियो । यसले कामसँग आत्मीयता जोडेको थियो ।

**घर धन्दाः** तालिमलाई सहभागीमुलक बनाउन घर धन्दा टोली बनाईयो । तालिम अवधीभर, व्यवस्थापन, समीक्षा र पृष्ठपोषणको जिम्मेवारी सहभागीहरूले हरेक साँझ दुईजनासँग तालिम कस्तो भयो । सहजकर्ताले सुधार गर्नुपर्ने कुराहरू के के भए । व्यवस्थापन कस्तो भयो । कुन सहभागीलाई सघाउन आवस्यक छ ? यि विषयमा सुझाव लिईयो । जसले प्रत्येक दिनको तालिम सहजीकरण र व्यवस्थापनमा सहयोग पुगेको थियो ।

## बुझाई र अपेक्षा संकलन

| बुझाई | अपेक्षा |
|---|---|
| - स्थानीय कोष भनेको आफ्नो समुदायमा भएको स्रोत र साधन प्रयोग गरि गरिने अभियान वा काम हो ।<br>- स्थानीय कोष उपयोग गरि गरिएको काम वा विकास दिगो हुन्छ ।<br>- स्थानीय स्रोत उपयोगले सम्बन्ध र शक्ती बढाएको हुन्छ । त्यसले अपनत्व बढाउँछ ।<br>- स्थानीय कोष खोजेर गरिएको ठाउँको भूमि अधिकार आन्दोलन अहिले पनि निरन्तर चलिरहेका छ । त्यसैले स्थानीय कोष भरपर्दो र नियमित हुन्छ ।<br>- सामुहिक खेती, सङ्गठनको पसल, कृषि उद्यम, आन्दोलन कोष स्थानीय स्रोत हो ।<br>- दान, भेटी, चन्दा, स्थानीय स्रोत हो ।<br>- पैसामात्र नभई प्रविधिक र भौतिक स्रोतहरू स्थानीय स्रोत हुन् । जस्तो सामुदायिक घर, पालिकाको हल, स्रोत व्यक्ति, विचार आदीलाई पैसा भुक्तानी नदिई प्राप्त गर्न सकिन्छ । | - स्थानीय कोष अभिवृद्धीका चरणहरू के के हुन् ? स्थानीय सरकारसँग भएको स्रोत उपयोग बढाउन योजना निर्माण प्रक्रिया के हुन सक्छ ?<br>- प्रस्तावना कसरी लेख्ने र सरोकारवालाहरूलाई कसरी प्रभाव पार्ने ?<br>- अन्तराष्ट्रीय सहयोगी भन्दा पनि स्थानीय तहको एक ब्यक्ति पनि सहयोगी बन्न सक्छ । तर, उनिहरूलाई कसरी उत्साहित बनाउने ? सहयोग जुटाउने ?<br>- स्थानीय कोष अभिवृद्धीको लागि कसरी सहयोगीलाई प्रभाव पार्न सकिन्छ । उनिहरूलाई प्रभाव पार्ने तरिका र औजारहरू के हुन सक्छन् ?<br>- सञ्चार र सन्जालीकरणलाई कसरी ब्यवस्थित गर्न सकिन्छ ?<br>- सहि सूचना र सञ्चार कसरी गर्ने ?<br>- स्थानीय कोष अभिवृद्धीका सम्भावनाहरू के के हुन सक्छन् । जस्तो आन्दोलन कोष जस्तै......। |

## स्थानीय कोष अभिवृद्धी र परिचालन

संसारभर आफ्नो आम्दानी वा कमाईबाट केही अंश अरुलाई कुनै विशेष कारणका लागि सहयोग गर्ने संस्कृति छ । विभिन्न च्यारिटी सो गरेर कोषहरू जम्मा हुन्छ । त्यो कोषमा जम्मा भएको रकम सामाजिक काममा लगानी हुन्छ । नेपालमा विदेशबाट आउने धेरै स्रोतहरू पनि यसरी नै आएका हुन् ।


स्थानीय कोष अभिवृद्धी भनेको हामीले प्रस्तावना लेखेर वा नलेखिकन स्थानीय तहमा भएको आर्थिक, भौतिक र प्राविधिक सहयोग जुटाउनेप्रकृया हो । टिफिन खाँदा बचेको पैसा, मानो मुठी संकलन, पुराना तर लगाउन मिल्ने सफा कपडा, त्यस्तै भूमि अधिकार मञ्चले गर्दै आएको सामुहिक श्रमबाट उठेको पैसा यी सबै स्थानीय कोष हुन् । यो हामीले जति बेला पनि उठाउन सक्छौं । यसको लागि लामो प्रस्तावना लेखी राख्नु पर्दैन । अहिले स्थानीय तह छ । त्यहाँबाट पनि स्रोत जुटाउन सकिन्छ । जस्तो : कपिलवस्तु जिल्ला भूमि अधिकार मञ्चले गाउँपालिका र नगरपालिकाबाट स्रोत जुटाएर साईकल यात्रा गरेको थियो । सभा भयो ।

*कोष अभिबृद्धिका लागि मौसमी बाली, मुठी संकलन गर्ने । स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउने र त्यो विचको आम्दानीलाई कोषमा जम्मा गरी कामहरू गरियो । साथै विद्यार्थीहरू मिलेर खुत्रुके बचत गरी संकलन गरिएको रकमले किशोरीहरूको क्षमता विकास लगायत शसक्तिकरणका कार्यक्रममा खर्च गरियो । भेडाको उन संकलन गर्थ्यौं । त्यो शिप भएको गाउँ गाउँका दिदी बहिनीलाई बुन्न दिने । जब हामीलाई कार्यक्रम सञ्चालन गर्न स्रोत चाहिन्छ । त्यतीखेर महिलाहरूले बुनेको सामग्री बिक्री गरी कार्यमहरू सञ्चालन गरेका थियौं । होमस्टे सञ्चालन गर्ने समिति छ । होमस्टेमा पहुना आउँदा समितिले पालै पालो गरेर सबैको होमस्टेमा राख्ने व्यवस्था मिलाउँछ । र, पैसा पनि समितिले बुझ्छ । नाफाको ५० प्रतिशत  सामाजिक काममा लगाउने गरिएको छ ।*

*- सरस्वती ब्यञ्जनकार, ललितपुर*

समाज परिवर्तनका लागि समुदायको पनि विभिन्न भूमिकाहरू हुन्छ । २०७२ को भुकम्प पछिको स्थितीमा समुदायले धेरै योगदान गरेको छ । बैंक, उद्योग, कलकारखाना, सामाजिक संघ सङ्गठन, सरकार लगायत सवैको सामाजिक सुरक्षाका लागि कोष छुट्याएका हुन्छन् । त्यस स्रोतबाट हामीले सोही प्रकृतिका रूपान्तरणका काम गर्न सक्छौं । अहिले विभिन्न कम्पनिहरूले सामाजिक सुरक्षामा लागि छुट्याएका कोष मनोमानी खर्च गरेका छन् ।

बैंकहरूले ट्राफिक नियमको पालना गरौं भनेर बाटै भरी बोर्डहरू टाँगेका छन् । कसैले सिमेण्ट उत्पादन गरेर सुरक्षित घर र सुरक्षित परिवारको नाममा विज्ञानपनहरू राख्ने, बजाउने र कसैलाई चन्दा दिएर कोषहरू सकेका छन् । कुनै बैंकहरूले महिला, ज्येष्ठ नागरिक, बालबालिकाको खाता खोलेबापत जीवन बीमाको स्कीम ल्याएर यस्तो प्रकृतिको स्रोतहरू सकेका छन् । त्यसैले ति स्रोतहरूको खोजी गरी साँचिकै सामाजिक रूपान्तरण र परिवर्तनको काममा लगानी गर्नुपर्छ ।




स्रोत स्थानीय तहमै छ । भूमि तथा कृषि अधिकार अभियान लगायत अन्य सामाजिक कामका लागि आफु तयार हुनुपर्छ । स्पष्ट उद्देश्य र योजना चाहिन्छ । ईच्छा शक्ति चाहिन्छ । अहिले धेरै शक्ति सरकारसँग छ । साथै स्रोत पनि । स्रोत नागरिक समाजले रूपान्तरणका लागि भूमिका निर्वाह गर्न सक्छ । तर स्रोत छैन । नीजि क्षेत्रसँग स्रोत छ । तर सरकारले जे भन्छ त्यही मान्छ । सरकारसँग शक्ति र स्रोत दुवै छ । तर सञ्चार माध्यम र नीजि स्रोत प्रतिको झुकाव बढी छ । किनकी सरकार भन्दा पनि दलको हैसियत देखाएर उनिहरू गिरेको अवस्था छ ।

स्थानीय कोष अभिबृद्धिको लागि नीजि क्षेत्रसँग बढी संवाद, छलफल र बहस जरूरी छ । सकारसँग स्रोत नीति नियम र कानुन छ । त्यसमा बढी लबिङको आवश्यकता पर्छ । सञ्चार माध्यम जोसंग बढी शक्ति र स्रोत छ । त्यसैको पछी छ । त्यसैले हामीले गरेको कामको प्रभावकारीता बाहिर ल्याउन उनिहरूलाई स्वपरिचालन गर्न जरूरी छ । ताकी हामीले गरेको काम बाहिर आयो भने नै हामीलाई स्रोत पत्याउने हो ।

स्थानीय कोष अभिवृद्धी र उपयोगका लागि सरकार, नीजि क्षेत्र, सञ्चार र नागरिक समाज मुख्य हुन् । उनिहरूलाई प्रभाव पार्न सकियो भने स्रोत जुटाउन सकिन्छ । तर स्रोतको लागि पहिला आवश्यक बजेट कति हो ? क-कसले अनुदान दिदै छ ? कति सहयोगीहरूमा निर्भर भइएको छ ? कति सहयोगीहरू समक्ष निर्भर हुन चाहेको छ भन्ने कुरा स्पष्ट हुन जरूरी छ ।

*भूमि अधिकार मञ्चले समुदायमा काम गर्दा योजना पेश गर्छौं । १ वर्ष अघि खानेपानीको काम हामी आफैले गरेको थियौं । काम गर्दा बचेको पैसा मञ्चको खातामा ११ हजार जम्मा गरेका थियौं । उक्त पैसाले भूमि अधिकार आन्दोलन गर्न सहयोग पुगको थियो । साथै प्रत्येक गाउँ भूमि अधिकार मञ्चमा आन्दोलन कोष छ । बिभिन्न अभियानहरूमा जाँदा त्यही आन्दोलन कोष प्रयोग गरी अगुवा सहभागी हुन्छन् । गाउँहरूमा सरकारले ल्याएको नीति र अधिकार प्राप्तीको विषयमा शिविर गर्दा खाना र तरकारी गाउँले नै ल्याउँन् ।*

*- ढाकाराम रेग्मी, सुर्खेत*

**के हो स्थानीय कोष अभिवृद्धी ?**

**सहभागीबीच छलफल**

- नगरपालिका, सामुदायिक वन संघ संस्था, वडा कार्यालयको बजेटको दावी र उपयोग ।
- आकस्मिक कोष, मानो मुठी संकलन, सदस्यता नविकरण तथा वितरण, अन्य संघ संस्था तथा सरकारी निकायको स्रोत उपयोग गर्ने ।
- सामुदायिक घर, पहुना घर, सरकारी भवन तथा हल, आदी स्थानको उपयोग गरी तालिम, बैठक तथा छलफल गरिएको । उक्त सामुदायिक संरचना प्रयोग गर्दा अन्यको तुलनामा कम स्रोत अथवा निशुल्क उपलब्ध भएको ।
- समुदाय तहमा तालिम सहजीकरण गर्दा प्राप्त रकमको २५ प्रतिशत मञ्च तथा संस्थामा राख्ने गरिएको ।


*स्थानीय व्यक्ति, संस्था सङ्गठनलाई संलग्न गरी परिचालन गरिन्छ । यसले सामाजिक परिवर्तनलाई समर्थन गर्छ । साथै स्थानीय कोषका लागि पैसा, सेवा, सामान, ज्ञान, समय र नैतिक समर्थनको साथ सहयोग रहन्छ । हरेक कार्यक्रममा सहयोगीहरूलाई सहभागी हुन निमन्त्रणा गरिन्छ ।*

*कोष अभिबृद्धि भिख हैन । यो कसैलाई उत्पिडन गरेर पनि लिँइदैन । र जवरजस्ती गरेर पनि मागीदैन । यो खुसीलेर सहयोगीहरूले राम्रो भावनाले उपलब्ध गराउने स्रोत हो । यसले सबैको हितको लागि सोचेको हुन्छ । भावना बोकेको हुन्छ । यो दिगो र निरन्तर चल्छ ।*

**स्थानीय स्रोत परिचालनको प्रकार**

**एक ब्यक्तिदेखी अर्को व्यक्तिः** स्थानीय कोष संकलनको लागि पहिलो ब्यक्ति व्यक्तिबीचको सहयोगको आवश्यकता पर्छ । संधै त्यो पैसाको मात्र हुन्छ भन्ने हैन । ज्ञान, शिप र क्षमताको पनि विचार गर्नुपर्छ । साथै मित्रताको पनि । आफुसँगको बलियो मित्राता र विश्वास छ भने एकले अर्कोलाई सहयोग पुऱ्याउन सक्छ ।

**दीर्घकालिन लगानी र प्रतिवद्दताः** जव स्थानीय स्रोतको पहिचान हुन्छ । त्यो कति समयको लागि हुन्छ, भन्ने कुरा महत्वपुर्ण हुन्छ । बरू सानो होस् । निरन्तर होस् । अहिले धेरै बाह्य स्रोतहरू ह्वार आउँछन् । त्यतिकै विलाउँछन् । समुदायमा कुनै



परिवर्तन र प्रभाव भएको हुँदैन । कार्यक्रम सकिन्छ । यसले परिवर्तन आउँदैन । त्यसैले सहयोग गर्ने व्यक्ति वा निकाय लामो समयसम्म सहयोग गर्ने प्रतिवद्दता भएको छनोट गर्नुपर्छ ।

**मन र मस्तीष्कदेखी सहयोगः** भईहाल्छ नी ! गरिहाल्छु नी ! भनेर लगार्ने सहयोगी पनि समुदाय/समाजमा धेरै भेटिन्छन् । त्यसैले यो विषयमा चनाखो हुन जरूरी छ । जसले सहयोग गर्ने हो । त्यसको विषयमा आफु जानकार हुन जरूरी छ । नत्र समय बर्वाद हुन्छ । स्रोत हुँदैन । त्यसैले पहिले आफ्नो उद्देश्य स्पष्ट पार्नुपर्छ । सहयोगीको मनमा बिझ्यो भने मात्र उसले मनै देखी सहयोगको हात बढाउँछ । त्यसले निरन्तरता पनि पाउँछ ।

**व्यक्तिगत सम्बन्ध र प्रभावः** यसमा सहयोग लिने र दिने दुवैको सम्बन्धलाई हेरिन्छ । दुवैको सम्बन्ध र प्रभाव राम्रो छ भने अन्य स्थानबाट पनि स्रोत जुटाउन सकिन्छ । त्यसैले सम्बन्ध राम्रो र बलियो छ भने कोष अभिबृद्धि र परिचालन दीगो हुन्छ । साथै दुवैले दुवै प्रतिको विश्वास पनि उत्तिकै आवश्यक छ ।

**साथी र सम्बन्धः** सहयोगी कम्पनि, संस्था, सङ्गठन, जो कोही पनि हुन सक्छ । मित्रताले पनि स्रोतको खोजी र परिचालन गर्न सकिन्छ । गाउँपालिका र नगरपालिकामा भूमि अधिकार मञ्चको अगुवाहरूको राम्रो चिनजान र मित्रता छ भने त्यहाँबाट स्रोत लिन कुनै समस्या हुँदैन । साथै साथी मात्र भएर हुँदैन । दुवैले एक अर्कालाई बुझेको र स्वीकार गरेको हुनुपर्छ ।

**अनुरोध गर्न सक्ने हिम्मतः** कतिले विभिन्न काम लिएर कुनै ब्यक्ति वा निकायमा पुग्छ । तर बोल्न सक्दैन । आफ्नो कुरा स्पष्ट राख्न सक्दैन भने, त्यसरी स्रोत संकलन हुन सक्दैन । त्यसैले तथ्य सहितको स्पष्ट सुचना दिन सक्ने र प्रभाव पार्न सक्ने ब्यक्तिले स्रोतको खोजी र परिचालन गर्न सक्छ । त्यसैले सम्बन्ध र आँट दुवै चाहिन्छ ।

**समुह कार्य र समर्थन** : स्थानीय स्रोत खोजी र परिचालनमा जिम्मेवारी लिनुपनि पर्छ र दिनु पनि पर्छ । आफैले सबै गर्छु भनेर हुँदैन । साथै टिमको समर्थनको पनि जरूरी छ । आफु एक्लैको निर्णय वा समुहवीचको मनमुटावले स्थानीय स्रोत खोजी र परिचालन हुन सक्दैन । समुह कार्य मार्फत सहयोगीलाई निरन्तर सुचना दिने, अपडेट गराउने र प्रभावकारी कार्यान्वयन गर्न सके स्रोत निरन्तर हुन्छ । समर्थनहरू पनि जुट्दै जान्छ ।



## स्रोत निर्माण

स्रोतकुनै पनि विषयलाई अघि बढाउनका लागि महत्वपूर्ण साधन हो । यो पानीको मुहान भने जस्तै स्रोतबिना कुनै पनि कार्यको थालनी गर्नु सम्भव छैन । स्रोत कुनै पनि चित्र, वस्तु जन्माउने, उत्पादन गर्ने, हुर्काउने, विकास गर्ने आधार हो । स्रोतमाध्यम मात्र नभई कार्य थालनीको आधार पनि हो । भूमि अधिकार आन्दोलनमा पनि श्रोतको आवश्यकता पर्छ । तर स्रोतभन्दैमा आर्थिक मात्र भनेर बुझ्नु हुन्न ।

***स्रोतमूख्यरुपमा चार प्रकारका हुन्छन् :***

### १.विचार स्रोत

यो कुनै पनि आन्दोलनका लागि आवश्यक मूख्य स्रोत हो । आन्दोलनले विचार निर्माण गर्ने प्रक्रियालाई सहयोग गर्दछ । अगूवाको विचार दूरदृष्टि भएको र आन्दोलनको उद्देश्य प्राप्त गर्ने विचारधारा भएको हुनुपर्दछ । यस स्रोतलाई आफैँ वा अन्य स्थानबाट ज्ञान आर्जन गरि वृद्धि गर्न सकिन्छ । विचारकै आधारमा मात्र अभिलेखन गरि आन्दोलनको रणनीति बनाउन सकिन्छ ।

### २. मानव स्रोतः

कुनै पनि व्यक्तिमा भएको ज्ञान, सीप र क्षमता नै मानव स्रोत हो । अगूवामा अगूवाई गर्ने क्षमता वृद्धिका लाीग मानव स्रोत निकै महत्वपूर्ण छ । विचारलाई व्यवहारमा ल्याउने मानव स्रोत चाहिन्छ ।

### ३. सङ्गठन र नेतृत्व :

नेतृत्व कुनै पनि कार्यको सुरुवात गर्नमा मात्र सिमित रहँदैन । सुरुवात गरेको कार्यलाई अपेक्षित उपलब्धि प्राप्ती गरि समापन गर्नु नै नेतृत्व गर्नु हो । अगूवालाई नेतृत्व प्रदान गर्नका लागि सङ्गठनको मूख्य भूमिका छ । यसका लागि सङ्गठन स्वपरिचालन गर्ने क्षमता तथा योजना निर्माण गर्न सक्नुपर्दछ ।

### ४. आर्थिक तथा भौतिक :

अर्थसँग जोडिएका स्रोतलाई आर्थिक स्रोत भनिन्छ । अगूवाले कार्यक्रम सञ्चालनका लागि आर्थिक र भौतिक दुवै स्रोतको  खाँचो पर्दछ । कुनै पनि विचारलाई रणनीति निर्माण गरेपछि सङ्गठनले नेतृत्व प्रदान गर्दछ । तर रणनीति अनुरुपको कार्य सम्पन्न गर्नका लागि भने आर्थिक तथा भौतिक स्रोतको खाँचो पर्दछ ।

*साभार : अगुवा भूमि अधिकारकर्मीका लागि प्रशिक्षण कार्यशाला, असोज, २०७५, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र*

## स्थानीय कोष संकलनका विशेषताहरू




स्थानीय कोष अभिवृद्धी र परिचालन गर्न त्यति सजिलो छैन । शुरूमा यसको बाटो पहिल्याउन अलिक कठिन छ । तर, निरन्तरता दियो भने फेरी यो जति सहज अरू छैन । यसका लागि पहिला जो स्रोत खोजीका लागि स्वपरिचालित हुने अगुवा हुनुहुन्छ । त्यो व्यक्तिमा सहनसिलता हुनुपर्छ । सबै सहयोगीले भनेको मान्दछन् भन्ने छैन । कसैले नमान्न पनि सक्छन् । तर, त्यो व्यक्ति वा निकाय मानेन भनेर आक्रोसित हुने वा फरक व्यवहार गर्नु हुदैंन । धैर्य हुनुपर्छ ।

उपलब्ध स्रोतको उपयोग कसरी भएको छ । त्यो दिने व्यक्ति र कसका लागि ल्याएको हो । दुवै सामु जवाफदेहिता र पारदर्शिता भने कायम राख्नुपर्छ । ता की कतैबाट पनि प्रश्न नओस् । साथै सेवा पाउने व्यक्ति र सहयोग दिने व्यक्ति दुवैलाई सदैव खुशी राख्न सक्यो या विश्वास दिलाउन सकियो भने मात्र स्थानीय स्रोत खोजी र परिचालनलाई निरन्तरता दिन सकिन्छ । त्यस्तै स्थानीय कोष अभिवृद्धीगर्ने जो स्वयम्सेवक अथवा अगुवामा लगनसिलताको भाव हुनुपर्छ । स्थानीय कोष आफुले कमाउनको लागि हैन । रचनात्मक काम गरेर देखाउँछु भन्ने भावना हुनुपर्छ । त्यस्तै स्थानीय कोष संकलनका प्रमुख विशेषता मध्ये एकतालाई कहिल्यै भुल्न हुन्न । यी चार खम्बा बिना स्थानीय स्रोत खोजी र परिचालन गर्न सकिदैन ।



**सहयोगीको प्रकार**

स्थानीय स्रोत अभिवृद्धीका लागि पहिला सहयोगीहरूको पहिचान गर्न आवश्यक छ । सहयोगी पहिचान भए पश्चात कुन रणनीति अपनाएर सहयोग उपलब्ध गराउन सकिन्छ भन्ने कुरा महत्वपुर्ण हो । सहयोगीहरू अन्तराष्ट्रिय, राष्ट्रिय र स्थानीय तहमा छन् । यसमा पनि सरकार, संघ संस्था, कम्पनि, फाउण्डेसन, स्वयम्सेवक र व्यक्तिहरू हुन्छन् । त्यसैले सहयोगीहरू पहिचान गर्दा कुन अवस्थाको स्रोत खोजी गर्ने हो । सोही अनुसार पहिचान गर्नुपर्छ । आफ्नो क्षमता र शक्ति कहाँ सम्म छ । त्यहीको सहयोगीबाट भरपुर स्रोत खोजी र उपयोगको अवसर जुटाउनुपर्छ ।



## दोस्रो दिन

पहिलो दिन गरिएको छलफलको विषयमा समीक्षा गरियो । दुईजनावीच सिकाई आदान प्रदान पश्चात भन्न मन लागेको सहभागीले आफ्नो कुरा सवै सहभागीवीच राखेका थिए ।

- भूमि अधिकार अभियानमा गरिएको अभ्यासलाई थप व्यवस्थित गर्नको लागि स्थानीय कोष अभिवृद्धी र सहयोगी विश्लेषणले सहयोग पुग्यो ।

- धेरै स्रोतहरू स्थानीय तहमा रहेछन् । हरेक स्थानमा कम्पनि छन्, बैंक छन् । सहकारीहरू छन् । तिनिहरूबाट सहयोग लिन सकिने देखियो ।


- हामीले स्थानीय स्रोत खोजी गरेको अभियानको अभिलेखन गरेनौ भन्ने लाग्यो । किनकी हामीले स्थानीय स्रोत उठाएर गरिएको अभियानलाई सञ्चार माध्यम मार्फत प्रचार र प्रसार गर्न सकिएको भए स्थानीय तहबाट थप स्रोत जुटाउन सजिलो हुने देखियो ।

- जिल्ला र राष्ट्रिय भूमि अधिकार मञ्चको सम्मेलनमा गाउँपालिका र नगरपालिकाबाट सहयोगको लागि अपिल गर्दा सानो प्रस्तावना सहित लगेका थियौं । पहिला गरेको सम्मेलनको प्रतिवेदन र फोटो थियो । त्यसबाट पनि उनिहरूलाई विश्वास दिलाउन सकियो । साथै सवै दलका नेता कार्यक्रममा देखिए पछी उनिहरू सहयोग गर्न ईच्छुक भए । र, सयोग पनि गरे ।

- पहिलो हामी आफै प्रष्ट हुनुपर्छ । साथै स्पष्ट सन्देश बनाउनुपर्छ, ताकी सहयोगीलाई चाँडै विश्वस्त बनाउन सकियोस् । सहयोगी अनुरोध गरिएका सबैले सहयोग गर्न सक्दैनन् । सहयोग गरेन भनेर कहिल्यै पनि उनिहरूलाई नकरात्मक दृष्टिकोणले हेर्नु हुँदैन ।

### सक्रिय सुनुवाई


सक्रिय सुनुवाईमा एकले सन्देश दिने र अर्कोले सन्देश प्राप्त गर्ने हुन्छ । सहयोगीलाई प्रभाव पार्नको लागि स्पष्ट सुचना लिएर जानुपर्छ । सक्रिय रूपमा सुन्ने र आफ्नो कुरा राख्ने असल अगुवा हो । असल सुनुवाई भनेको सञ्चार गर्ने व्यक्ति वा वक्तताले भनेको कुरा ध्यान दिएर सुन्ने प्रक्रिया हो । यसको लागि बोलिरहेको वा सञ्चार गरिरहेको व्यक्ति प्रति ध्यान दिनु जरूरी हुन्छ । असल सुनुवाईलाई मद्दत गर्न, बोल्ने व्यक्तिले दिने सन्देश स्पष्ट, वैधानिक, विश्वसनिय हुनु पर्दछ ।





- असल सुनुवाईका लागि दोहोरो सञ्चार महत्वपूर्ण हुन्छ ।
- सञ्चार यस्तो प्रक्रिया हो, जहाँ दुई वा सोभन्दा बढी पक्षले जानकारी आदान-प्रदान गरिरहेका हुन्छन् ।
- शव्दद्दारा ७ प्रतिशत सञ्चार भइरहेको हुन्छ ।
- भनाई वा बोलाईबाट ३८ प्रतिशत सञ्चार भइरहेको हुन्छ ।
- शारिरीक हाउभाउबाट ५५ प्रतिशत सञ्चार भइरहेको हुन्छ ,

**स्थानीय स्रोत अभिवृद्धीका लागि सन्देश तयार गर्दा ध्यानदिनुपर्ने पक्षहरू**

- पर्याप्त सूचना, स्रोत सामग्री र त्यसको विश्लेषण
- रणनीतिक हिसावको सोचाई
- लाभग्राही र सरोकारवाला त्यस विषयमा सहमत छ वा छैनन्, सुनिश्चित गनुपर्छ
- सन्देश वा पत्र जहाँ पेश गर्नुपर्ने हो, त्यसको संरचनाको विषय थाहा पाउनुपर्छ ।
- यो सार्वजनिक गर्न ठिक छ वा छैन, सुनिश्चित हुनुपर्छ ।
- स्पष्ट उदाहरणहरू पनि समावेश गर्नुपर्छ ।
- शव्द र लेखनमा सचेत रहनुपर्छ ।
- सत्यमा अडिग रहनुपर्छ
- उचित सन्दर्भ सामग्रीको उपयोग गर्नुपर्छ
- रचनात्मक र विकल्प दिने खालको हुनुपर्छ ।




***अभ्यास***

*३ समूह बनाइयो । ३ वटा समुहमा स्थानीय सहयोगीसँग ५ मिनेटको अभ्यास गरियो । 'क" (कोष .संकलनकर्ता परियोजना प्रस्तुत गर्दछ , ध्यान दिएर सुन्छ र 'सम्बन्ध' सिर्जना गर्दछ । 'ख' (.सहयोगी) : सुन्छ, अनुरोध गर्न प्रतिक्रिया, आफ्नै चासो वर्णन गर्दछ । ग ((अवलोकनकर्ता) के राम्रो हुन्छ, के सुधार गर्न सकिन्छ ?*

*यो अभ्यासले कुन हद सम्म तपाई सन्देश दिनेको कुरा बुझियो ? सन्देश दिने व्यक्तिसँग कसरी जोडिएको महसुस गरियो ? अवलोकन कर्ताले सन्देश दिने र सुन्नेको हाउभाउ कस्तो रह्यो ? सुन्नेले ध्यान दियो कि दिएन ? शब्दहरू कसरी र कस्तो प्रयोग भयो ? यस विषयमा अवलोकन गरिएको थियो । यो अभ्यासलाई तिन जनावीच तीन पटक गरियो ।*

**सक्रिय सुनुवाईको निश्कर्ष**

सवै कुराको ध्यान दिएर सुन्ने । सुनुवाई भनेको अर्गानिक हुनुपर्छ । दुषित हुनु हुन्न । यसको मतलव सही सुन्नुपर्छ । हरेक कुराहरूको गहिऱ्याईमा पुग्नुपर्छ । प्रोत्साहन दिनुपर्छ । खुला प्रश्नहरू राख्नुपर्छ । साथै सन्देश दिनेले प्रष्ट कुरा राख्नुपर्छ र सुन्ने व्यक्तिले अधिकतम ध्यान दिनुपर्छ । सफल सञ्चारका लागि खुला प्रश्न, बन्द प्रश्न, वक्तृत्व प्रश्न र सुझात्मक प्रश्नहरू प्रयोग गर्नुपर्छ । जस्तोः

खुला प्रश्नहरूः के हुन्छ यदि...........?"
*बन्द प्रश्नहरू : "तपाईलाई के मन पऱ्यो ?"*
*वक्तृत्व प्रश्नः " हामी अभियान सफल भएको चाहन्छौं, हैन र .......?"*
*सुझात्मक प्रश्नहरू : "मलाई आशा छ कि तपाई म सँग सहमत हुनुहुन्छ ..........?*

**स्थानीय स्रोत खोजी, परिचालनका चरण र आयको स्रोतहरू**

स्थानीय स्रोत खोजीका लागि १० वटा चक्रहरू छन् । यी चरणहरूमा आफ्नो क्षमता विश्लेषण गरेर थप स्रोतहरूको खोजी गरिन्छ । साथै दश चरणमा पनि सहयोगी, सरोकारवाला, लाभकर्ता आदीको विषयमा विश्लेषण गरेर मात्र कोष आवश्यकताको चरणमा पुगिन्छ ।

**आफ्नो अर्थ स्थितिः** स्थानीय कोष अभिवृद्धीको पहिलो चरण भनेको आफ्नै अर्थ स्थिति बुझ्नु हो । आफुसँग कति स्रोत छ । जुन काम गर्न लागेको समुदाय वा अन्य व्यक्तिसँग कति छ । साथै अव आवश्यकता कति हो ? के के को लागि आवश्यकता हो । त्यो स्थिति पहिल्याउनुपर्छ ।

**सम्भावीत सहयोगीहरूः** उद्देश्यसँग मिल्ने सम्भावीत सदस्यहरू को को हुन सक्छन् । उनीहरूको सूची तयार गर्नुपर्छ । सूची तयार गरी सहजता, समन्वय र सहकार्यमा लागि प्राथमिकरण गर्नुपर्छ ।

**सम्भावित सहयोगीको प्रोफाईल तयारः** सहयोगीको पहिचान र प्राथमिकिकरण पश्चात कस्तो प्रकृतिको सहयोगी हो । उद्देश्य मिल्छ या मिल्दैन । उक्त सहयोगीले हालसम्म गरेको कामको अवस्था कस्तो छ । सहयोग निरन्तरताको अवस्था कस्तो छ ? यी कुराहरूलाई विचार गर्न सहयोगीहरूको छुट्टा छुट्टै प्रोफाईल तयार गर्नुपर्छ ।

**सहयोगी रोजाईः** स्रोत खोजी र परिचालनका लागि सहयोगी भेटेर मात्र हुँदैन । सहयोगी लाभग्राही प्रतिको कति समानुभूती भएको छ । सहयोगको अवस्था के रहन्छ । साथै निरन्तरता कतिको हुन्छ । जवाफदेहिता र पारदर्शिता छ की छैन । लिनेको मात्र हैन । दिनेको पनि पारदर्शिता र जवाफदेहिता उत्तिकै महत्वपुर्ण हुन्छ ।

**समुह गठनः** स्रोत उपलब्धताको निश्चित भए पश्चात हामीले काम गर्ने समुह तयार गर्नुपर्छ । स्रोतको उपयोग कसरी गर्ने । यसमा समुदायको सहभागीता कहाँ रहन्छ । साथै स्रोतको व्यवस्थापन र परिचालन दुवै टिमको जरूरत पर्छ ।

**कार्यक्रमको योजना तयारः** स्रोतको पहिचान भए पञ्चात कार्यक्रमको उद्देश्य अनुसारको विस्तृत योजना चाहिन्छ । जुन योजना रणनीति सहितको हुनुपर्छ । उक्त योजनाले समुदायलाई परिवर्तन गर्ने खालको चाहिन्छ

। सहभागीमुलक विधि र प्रकृया मार्फत लक्ष्य, समय र अपेक्षित उपलब्धी सहितको योजना निर्माण गर्नुपर्छ । हरेक कार्यक्रमको योजना तय गर्दा स्थानीय कोष अभिवृद्धी समावेश गर्न भने छुटाउनु हुँदैन ।

**सञ्चार र वार्ता:** योजना कार्यन्वयनको चयनमा कसरी कार्मक्रम सञ्चालन गर्ने । स्रोतलाई कसरी व्यवस्थापन गर्ने र अन्य स्रोत कसरी जुटाउने भन्ने विषयमा सहयोगी, समुह र समुदायवीच सञ्चार र निरन्तर संवादको जरूरी हुन्छ । जवाफदेहिता र पारदर्शिताको लागि पनि यो महत्वपुर्ण विषय हो ।

**कार्यक्रमको तयारी:** योजना निर्माण लगायत सम्पुर्ण कार्यक्रमको तयारी गर्नुपर्छ । कार्यक्रम सञ्चालन विधि प्रकृया र स्रोतको बाँडफाँड गरिन्छ । कार्यक्रम कार्यान्वयनको ढाँचा तयार हुन्छ । यसमा सञ्चार, परिचालन लगायत अन्य स्रोत व्यवस्थापनको तयारी गरिन्छ ।

**कार्यक्रम कार्यान्वयन:** योजनाको आधारमा समुदायमा कार्यक्रमहरू सञ्चालन हुन्छ । त्यसमा स्थानीय सरकार, सहयोगी, सरोकारवाला, साझेदार निकाय र सम्बन्धीत समुदायको सहभागीता हुन्छ । त्यसमा सवैको सहयोग लिएर कार्यक्रम सम्पन्न गरिन्छ ।

**धन्यवाद:** जसले स्रोत दिएको हो । उसलाई हामीले लिखित रूपमा धन्यवाद पत्र दिनुपर्छ । साथै स्रोत भनेको पैसाको मात्र हुँदैन । भौतिक र प्राविधिक सहयोग जुटाउने पनि स्रोत हो । त्यसैले उनिहरूलाई पनि धन्यवाद पत्र दिनुपर्छ । त्यो फेरी स्रोत लिनको लागि फकाएको हैन । आदर र सम्मान गरेको हो ।




कार्यक्रमको अन्त्यमा स्थानीय निकाय सहित संयुक्त रूपमा कार्यक्रमको अनुगमन गरी प्रभावकारीता हेरिन्छ । यसमा स्रोतको उपयोग, जवाफदेहिता, पारदर्शिता देखी समुदायमा परेको परिवर्तनको लेखाजेखा गरिन्छ र सवैको सहभागीतामा कार्यक्रम समापनको घोषणा हुन्छ ।

**४ वटा समुहमा स्थानीय स्रोत खोजी र आयको स्रोतहरूको विषयमा अभ्यास गरियो ।**


| समुह नं. १ | समुह नं. २ | समुह नं. ३ | समुह नं. ४ |
|---|---|---|---|
| - देउसी /भैलो<br>- तालिम सञ्चालन<br>- खुत्रुके बचत<br>- हस्तकला<br>- सांस्कृतिक कार्यक्रम<br>- पत्रिका संकलन<br>- पुराना कपडा | - मुठी संकलन<br>- मौसमी बाली संकलन<br>- सामुहिक श्रम<br>- कृषि उद्यम/कृषि फार्म<br>- सामुहिक खेती र | - चन्दा संकलन<br>- योजना पेश र बजेट प्राप्त<br>- अध्ययन तथा अनुगमनमा सहभागी<br>- तालिम हल तथा अध्ययन केन्द्रहरू | - सामुहिक हलहरूको प्रयोग<br>- गाउँपालिका, नगरपालिका लगायत सरकारी हल/सभाहल उपयोग<br>- निशुल्क प्रशिक्षक |

| | | | |
|---|---|---|---|
| संकलन र प्रसोधन, बिक्री<br>- सहकारी पसल सञ्चालन<br>- दान पेटिका | बाँझो जग्गाको उपयोग<br>- सामुहिक कोष ( आन्दोलन कोष)<br>- उत्पादित बस्तु संकल तथा बिक्री | सञ्चालन<br>- होमस्टे र पाहुना घर निर्माण र सञ्चालन<br>- हाट बजार, मेलामा खाजा तथा खानाको ब्यवस्थापन | तथा प्रविधिक सहयोग<br>- अन्य भौतिक सहयोग (खाना, बास, साउण्ड सिष्टम, यातायात) |

**सहयोगी प्रोफाईलको महत्व चरणहरू**

**परियोजनाको आवश्यकता**


स्रोतको आवश्यकता पर्दा मात्र हैन । पहिल्यै स्रोतको मापन गर्न जर्न जरूरी छ । कहाँबाट स्रोत लिन सकिन्छ । त्यसको सहयोगी र आवश्यक स्रोतको महत्व हुन्छ । कोष अभिवृद्धीको लागि काम, लक्ष्य, दृष्टि, रणनीति सहितको सहयोगीहरूको लागि बुझिने सन्देश तयार गर्नुपर्छ । साथै आफु केन्द्रित कुनै काम र सूचनाहरू स्पष्ट नगरी सहयोगीको मानसिकता परिवर्तन गर्न सकिदैन ।




पैसाले मात्र सामाजिक परिवर्तन हुदैंन । त्यसको लागि ज्ञान, सिप, क्षमता सहितको समुह कार्य चाहिन्छ । सहयोगी, सरोकारवाला र सहयात्री साथै भयो भने मात्र हामीले लिएको लक्ष्य पुरा गर्न सक्छौं । त्यसैले भौतिक सहयोग पनि कोषको साथ साथै लिनुपर्छ । के के कामको लागि स्रोत चाहिएको हो । कति स्रोत आवश्यक पर्छ । त्यसको यकिन गर्न जरूरी छ ।

**नीजि क्षेत्रका सहयोगी**


स्थानीय कोष अभिवृद्धीका लागि हामी पहिले मानसिकता तयार गर्छौं । त्यस पछी सन्देश बनाई सहयोगीको ध्यान केन्द्रिति गर्छौं । रणनीति बनाएर उपभोक्ता माझ जानको लागि उद्देश्य र दृष्टिकोणहरू तयार गर्छौं । नीजि क्षेत्रले आफ्ना स्वार्थ हेरेको हुन्छ । आफ्नो फाईदा हेरेर सहयोग उपलब्ध गराउँछ । नीजि क्षेत्र स्रोतको हिसावले बलियो छ । सरकार र सञ्चार माध्यमसँगको पहुँच छ । किनकी धेरै नीजि क्षेत्रले मेडियाहरू परिचालन गरेका हुन्छन् ।



स्थानीय कोष संकलनका लागि परियोजना र नीजि क्षेत्रको मानसिकता उल्टो छ । नीजि क्षेत्रमा सवै वातावरण तयार गरेर स्रोतको जोहो गरिन्छ । तर, नीजि क्षेत्रलाई हामीले राम्रो सन्देश दिन सकेनौं भने स्रोत उपलब्ध हुन सक्दैन । त्यसैले नीजि क्षेत्रलाई सकारात्मक प्रभाव पार्ने खालको सन्देश तयार गर्नुपर्छ ।

**सहयोगी र प्राप्त गर्ने व्यक्तिवीचको सम्बन्ध/सहमती**

सहयोगी र सहयोग प्राप्त गर्ने व्यक्ति तथा निकाय सहमती पछि दुवै पक्षको मानसिकता, ध्यान र दृष्टि मिल्दै जान्छ । दुवैको सपना एउटै हुन्छ । सबै कुरामा दुवैको मेल खान्छ । सहयोगी तवरबाट स्रोत खोजी तथा व्यवस्थापनमा ध्यान जान्छ भने प्राप्त गर्ने व्यक्तिको स्रोतको व्यवस्थापन र उपयोगमा ध्यान जान्छ ।




सामाजिक रूपान्तरण प्रक्रियामा स्रोत दिने र व्यवस्थापन गर्ने दुवै पक्षको विचार मिल्दा समुदायले परिवर्तनको महसुस गर्छन् । समुदायको सकारात्मक परिवर्तनको लक्ष्य पुरा गर्नुनै स्थानीय स्रोत उपयोगको धर्म, मर्म र सपना हो । यो चरणमा प्रवेश गरेपश्चात स्रोतको दिगो खोजी र उपयोगको ढोकाहरू खुल्छन् । साथै सहयोगी पनि सकरात्मक कामले सदैव खुशी हुन्छन् ।



## स्थानीय कोष अभिवृद्धीर उपयोगको योजना निर्माण सम्बन्धी अभ्यास

### समुह नं. १

| | |
|---|---|
| कार्यक्रम | मोही समस्या समाधान |
| कार्यक्षेत्र | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| परिवेश | विजयनगर गाउँपालिकामा १६ हजार घरधुरी छ । यहाँको मुख्य पेशा खेतीपाती र पशुपालन हो । यस पालिकामा ५ सय मोही किसान छन् । थारू, मधेशी, बाहुन, क्षेत्री, मुस्लिम जातीहरूको बसोबास छ । सरकारले मोही र जमिनदारवीचको द्वैध स्वामित्व अन्त्य गर्ने उद्देश्यले २०७५ फागुन मसान्त सम्मको लागि निवेदन दिने म्याद थपेको छ । किसानहरूले मोही निवेदन दिने विषयमा जानकार छैनन् । त्यसैले पुस्तौदेखी जमिन जोत्दै आएका किसानलाई निवेदन दिने सम्बन्धी जानकारी सहित सरकारले ल्याएको भूमि सम्बन्धी नीति नियम सम्बन्धी सचेतना गराउनको लागि अभिमुखीकरण कार्यक्रमको योजना गरिएको छ । |
| कार्यक्रम | मोही जागरण सम्बन्धी सचेतना कार्यक्रम |
| कार्ययोजना | <table><tr><td>के गर्ने</td><td>कति गर्ने</td><td>कसरी गर्ने</td><td>कहिले गर्ने</td><td>कहाँ गर्ने</td><td>बजेट</td></tr><tr><td>मोही जागरण शिविर</td><td>३ दिन</td><td>गाउँ भेला गरेर</td><td>२६ देखी २८ मंसिर, २०७६</td><td>विजय नगर</td><td>१५,०००</td></tr></table> |
| व्यक्तिगत तथा व्यवसायिक सम्पर्क व्यक्ति | नगरपालिका/गाउँपालिका, सामुदायिक वन, सञ्चारकर्मी, भूमि अधिकार सहजकर्ता, आत्मनिर्भर केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च, इटाभट्टा, सिमेण्ट कारखाना, कपास उद्योग, स्थानीय व्यापारी |
| जानकारी | विजयनगरमा ५ सय भन्दा बढी मोही किसान छन् । यस विषयमा राष्ट्रिय भूमि अधिकार मञ्चले दुई दशक देखी अभियानहरू सञ्चालन गर्दै आएको छ । मञ्चले गरेको यस कार्यक्रममा स्थानीय तहबाट गरिएको आर्थिक सहयोग र समन्वयले कार्यक्रम प्रभावकारी भएको थियो । त्यसैले अव पनि यस पालिकासँग मिलेर भूमि अधिकारबाट बञ्चित मोही किसानको अधिकार स्थापीत गर्ने अभियानमा सरिक हुन चाहन्छौं । |
| विश्वस्त | मोहीहरूसँग जमिन जोते वापतको प्रमाण छ । सरकारले मोहीको मुद्दाछिनोफानोको लागि राजपत्रमा सुचना प्रकाशित गरेको छ । |
| ईच्छा | मोहीहरू वर्षौदेखी त्यतिकै छन् । त्यसैले मोही अधिकार स्थापित गराउन सरकारको नीति कार्यान्वयनको लागि स्थानीय सरकारसँगको साझेदारीमा जनचेतनामुलक कामहरू गर्ने । |

### समुह नं. २

| | |
|---|---|
| कार्यक्रम | सुकुम्बासी समस्या समाधानका लागि वकालत |
| कार्यक्षेत्र | सिन्धुपाल्चोक |
| परिवेश | सिन्धुपाल्चोक जिल्लामा ३७५ घरपरिवार सुकुम्बासी छन् । बिभिन्न समयमा सुकुम्बासी समस्या समाधान आयोग बन्यो । तर, सुकुम्बासीको समस्या समाधान हुन सकेन । पछिल्लो चरणमा बनेको आयोगमा पनी सिन्धुपाल्चोकबाट ३७५ घरपरिवारले निवेदन |

| | |
|---|---|
| | दिए । तर, आयोगले पुर्ण काम गर्न नपाउँदै बिघटन भयो । २०७२ सालको भूकम्प पछी पनि सुकुम्बासीहरूले धेरै हैरानी बेहोर्नु पर्‍यो । कतिको अहिलेसम्म घर बनाउन पाएका छैनन । |
| कार्यक्रम | सुकुम्बासी समस्या समाधानका लागि डेलीगेसन |
| कार्ययोजना | <table><tr><th>के गर्ने</th><th>कति गर्ने</th><th>कसरी गर्ने</th><th>कहिले गर्ने</th><th>कहाँ गर्ने</th><th>बजेट</th></tr><tr><td>डेलिगसन</td><td>१ पटक</td><td>सुकुम्बासी भेला गरी जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र पेश</td><td>फागुन २०७६</td><td>चौतारा</td><td>५५,०००</td></tr></table> |
| व्यक्तिगत तथा व्यवसायिक सम्पर्क व्यक्ति | मेलम्ची नगरपालिका, हेलम्बु गाउँपालिका, पाँचपोखरी थाङ्गपाल गाउँपालिका, बाह्रबिसे नगरपालिका, सामुदायिक वन, सञ्चारकर्मी, भूमि अधिकार सहजकर्ता, आत्मनिर्भर केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च, उद्योग बाणिज्य संघ, स्थानीय व्यापारी |
| जानकारी | सिन्धुपाल्चोकमा ३७५ सुकुम्बासीको संख्या छ । कति भूमिहीन सुकुम्बासीले २०७२ सालको भुकम्प पश्चात घर बनाउन पाएका छैनन् । कतिले मन्जुरी नामा गराएर घर बनाए । तर, सरकारबाट पाउनुपर्ने रकम पाएका छैनन । जिल्लामा राष्ट्रिय भूमि अधिकार मञ्चले यस सवालमा वकालत गर्दै आएको १५ वर्ष भन्दा बढी भयो । जिल्लामा गरिने बिभिन्न अभियानमा स्थानीय तहसँग मिलेर मोही, सुकुम्बासी र विस्थापीतको सवालमा काम गरेका थियौं । त्यस ताका गरिएको काम प्रभावकारी भएको थियो । अव यो समस्या समाधान गरी जिल्लालाई सुकुम्बासी मुक्त जिल्ला घोषणा गर्नको लागि हामी सहकार्य गर्न चाहन्छौं । |
| विश्वस्त | बिगतमा बनेका सुकुम्बासी समस्या समाधान आयोगमा ३७५ जनाको निवेदन पेश भएको छ । साथै भुकम्प पश्चात सरकारले सुकुम्बासीहरूलाई जग्गा खरिद गर्न २ लाख रूपैया दिने घोषणा गरेको छ । |
| ईच्छा | सुकुम्बासीहरूको समस्या ज्यूकातिउँ छन् । उनिहरूले घर बनाउन पाएका छैनन । त्यसैले सुकुम्बासीको अधिकार स्थापित गर्न सरकारको नीति कार्यान्वयनको लागि स्थानीय सरकारसँगको साझेदारीमा सम्बन्धीत निकायमा दवाव सिर्जना गर्ने । |

**समुह नं. ३**

| | |
|---|---|
| कार्यक्रम | स्थानीय स्रोत खोजी र परिचालन |
| कार्यक्षेत्र | घोराही उपमहानगरपालिका |
| परिवेश | जिल्ला भूमि अधिकार मञ्चले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग स्रोत लिएर र गाउँ भूमि अधिकार मञ्चमा आन्दोलन कोष संकलन गरेर भूमि अधिकार अभियान सञ्चालन गर्दै आएको छ । तर, आर्थिक स्रोत संधै निरन्तर हुन सक्दैन । भौतिक तथा प्राविधिक सहयोगले मात्र पनी आन्दोलन अघि बढेन । अहिले स्थानीय सरकारसँग केही सहयोग लिएर अभियान बढाएको छ । तर, त्यो प्रयाप्त छैन । त्यसैले थप स्थानीय स्रोत खोजी बढाउनुपर्छ । |
| कार्यक्रम | स्थानीय कोष अभिवृद्धी तालिम सञ्चालन गर्ने |
| कार्ययोजना | |

<table>
<tr><td></td><td>
<table>
<tr><th>के गर्ने</th><th>कति गर्ने</th><th>कसरी गर्ने</th><th>कहिले गर्ने</th><th>कहाँ गर्ने</th><th>बजेट</th></tr>
<tr><td>स्थानीय स्रोत अभिवृद्धी तालिम</td><td>१ पटक</td><td>जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधिहरुलाई ३ दिन प्रशिक्षित गर्ने</td><td>माघ २०७६</td><td>घोराही</td><td>४७,०००</td></tr>
</table>
</td></tr>
<tr><td>व्यक्तिगत तथा व्यवसायिक सम्पर्क व्यक्ति</td><td>आत्मनिर्भर केन्द्र, घोराही उपमहानगरपालिका, एकता चिम्मी, प्लाईबोर्ड उद्योग, नेपाल रेडक्रस सोसाइटी, घोराही एफएम</td></tr>
<tr><td>जानकारी</td><td>दाङमा भूमिको सवाल अधिक छ । तर सुकुम्बासीहरुसँग यस अभियान उठाउन, अगुवा परिचालन गर्ने स्रोत छैन । त्यसैले स्थानीय दल र यस जिल्लाको विभिन्न सरोकारवालाको सहयोगमा स्थानीय कोष अभिवृद्धी तालिम सञ्चाल गर्ने र उक्त तालिम पञ्चात स्थानीय स्रोत जुटाएर भूमि अधिकार अभियान सञ्चालन गर्ने ।</td></tr>
<tr><td>विश्वस्त</td><td>स्थानीय तहमा क्षमता विकासका लागि स्रोत छुट्याएको छ । त्यस्तै कम्पनीहरुमा पनि सामाजिक कामका लागि बजेट छुट्याएको हुन्छ । यो स्रोत उपयोग गरेर अन्य थप स्रोत जुटाउन सकिन्छ ।</td></tr>
<tr><td>ईच्छा</td><td>गरिबी र आपत्कालिन अवस्थामा स्थानीय स्रोत जुटाउन मद्दत पुग्ने भएकोले । सवैको सहकार्यमा स्थानीय कोष खोजीको विषयमा सवैको भूमिका बढाउने । भूमिको समस्या समाधानको विषयमा सहकार्य गर्ने ।</td></tr>
</table>

**समुह नं. ४**

| | |
|---|---|
| कार्यक्रम | गाउँ भूमि अधिकार मञ्च सुदृढिकरण |
| कार्यक्षेत्र | पोखरा लेखनाथ महानगरपालिका |
| आयोजक | जिल्ला भूमि अधिकार मञ्च, कास्की |
| उद्देश्य | गाउँ भूमि अधिकार मञ्च र सदस्यलाई स्थानीय तहको अधिकार र अगुवाको भूमिका सम्बन्धी अभिमुखीकरण गरी स्वपरिचालन गर्ने । |
| आवश्यकता | सहभागी, तालिम संचालन गर्ने स्थान, स्टेशनरी, कोष, सहजकर्ता, खाना तथा बास |
| व्यक्तिगत तथा व्यवसायिक सम्पर्क व्यक्ति | - पोखरा लेखनाथ महानगरपालिका<br>- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र<br>- राष्ट्रिय भूमि अधिकार मञ्च<br>- पोखरा व्यवसायी संघ<br>- पोखरा उद्योग बाणिज्य संघ |
| जानकारी | - स्थानीय तहको २२ वटा अधिकारको वारेमा अगुवाहरूको क्षमता विकास गरी परिचालन गर्न सवै सरोकारवाहरूसँग छुट्टा छुट्टै भेटघाट गर्ने उद्देश्य प्रष्ट पार्ने । |
| विश्वस्त | - स्थानीय सरकारको काम कर्तव्य र अधिकार बारे समुदायले जानकारी प्राप्त गरे पश्चात जनप्रतिनिधि र स्थानीयर सरकार प्रति विस्वास वढ्छ । |
| इच्छा | - समुदाय जानकारी भए पश्चात समुदायलाई सोही काम र प्रकृतिको कार्यक्रम र बजेट उपयोगको लागि सहयोग पुग्ने छ । साथै स्थानीय व्यपारी र संघले पानी स्थानीय सरकारसँग मिलेर स्थानीय समुदायको क्षमता विकासमा लगानी गर्दा पहिचान बढ्ने छ । |

## तेस्रो दिन

### समीक्षा

- स्थानीय कोष अभिवृद्धीको दशवटा चरणहरू सवै महत्वपुर्ण छन् । तर हामीले गर्दै आएको मध्ये सवै अपनाउन सकेका छैनौं । कहिले त सहयोगीलाई धन्यवाद पनि दिन विर्सन्छौ ।
- भूमि तथा कृषि अधिकार अभियानलाई हालसम्म दिगो बनाउन स्थानीय कोषले नै सहयोग पुगेको छ । यदी आन्दोलन कोष छ । मुठी संकलन गरी  शिविरहरू सञ्चालन गर्छौं । पहिला गाविस हुँदा देखी स्रोत लिएका थियौं । अहिले नगरपालिका र गाउँपालिका हुँदा पनि स्रोत लिएर कार्यक्रम सञ्चालन गरेका छौं । जसले आन्दोलनलाई बलियो बनाउँदै लगेको छ ।
- राष्ट्रिय भूमि अधिकार मञ्चले पनि ठिमुरामा आफ्नै भूमि घर, तालिम हल सञ्चालन गरेको छ । मञ्चको कार्यालय सञ्चालनको लागि भाडा तिरेको छैन । बास बस्ने ठाउँछ । यसबाट पनि कोषहरू संकलन हुन्छ । तर, हामीले जति स्थानीय कोष संकलन गर्ने प्रकृयाहरू अपनाउने हो त्यो हुन सकेको छैन ।
- स्थानीय तहमा भएको अधिकांस स्रोतहरू उपयोग गर्न सकेका छैनौं । कतै कतै अन्यत्रको पत्रिका संकलन गरेर बेचेको पैसा सामाजिक काममा लगाएका हुन्छन् । कस्तै विद्यार्थिले टिफिनको पैसा बचाएर सामाजिक कार्यमा लगानी गरेका हुन्छन् । यस्ता अनगिन्ती उदाहरणहरू छन् ।
- भूमि अधिकार आन्दोलनमा पनि स्थानीय स्रोतको उपयोग बढाउँदै लगिएको छ । गाउँको बास, र खाना, कतै त सालको पातबाट टपरी बनाएर बिक्री गर्ने । सभा सम्मेलनमा सालको पातका टपरी बनाएर ल्याउने यसरी पनि अभियानलाई सहयोग पुगेको छ ।
- भूमि तथा कृषि अधिकार आन्दोलन गर्दा कसैले पानी सहयोग गरे । कसैले चिउरा चामल दिए । कसैल कम्बल दिए । ति पनि स्थानीय कोष अर्न्तगत नै पर्छन् । स्थानीय कोष अभिवृद्धी र परिचालनको लागि पैसा नै जरूरी पर्छ भन्ने छैन ।
- तालिम सहभागीमुलक विधि मार्फत सहजीकरण भयो । हामी तालिममा २३ जना छौं । त्यसमा पनि महिलाको संख्या बढी छ ।

### स्थानीय स्रोत खोजी र परिचालनका लागि सञ्चार



सञ्चार प्रयोग गर्दा पहिले सहयोगीहरूलाई आफ्नो कुराहरू प्रष्ट भन्नुपर्छ । यदि सहयोगीलाई उदेश्य सहितको स्पष्ट सुचना दिन सकेनौं भने आफ्नो भनाई सञ्चारले काम गरेन भनेर बुझ्नुपर्छ । यदि हामीले भनेको कुरा सहयोगीले सुन्न थाले भने सकरात्मक या नकरात्मक केही न केही प्रतिकृया आउँछ । त्यसैले पूर्ण र यथार्थ मन छुने कुराहरूई लिएर सहयोगी वा सरोकारवालसँग प्रष्ट सन्देश दिनुपर्छ ।

दोस्रो अव सहयोगी वा सरोकारवाहरूको कुरा सुन्नुपर्छ । आफुले भनेको कुराको कस्तो प्रतिकृया आयो । त्यो महत्वपुर्ण हो । उनिहरूको कुरामा जति ध्यान दियो । त्यति विश्वास बढ्छ ।  जति विश्वास बढ्यो । त्यति सहयोग लिन सजिलो हुन्छ । सञ्चारको भूमिका दोहोरो हुन्छ ।

भन्ने, सुन्ने कुरा सकिएपछी आफुसंग भएको विषय वस्तु स्पष्ट सन्देश सहित देखाउनु पर्छ । बुझाउनु पर्छ । सकिन्छ चित्र मार्फत देखाउने । धेरै समय लिएर पढ्ने कमै हुन्छन् । देखाउने कुरा स्पष्ट र छोटो बनाउनुपर्छ । सहयोगीहरूलाई भनेको कुरा र देखाएको कुरा एक आपसमा मेल खानुपर्छ ।



## सम्भावित सहयोगी पहिचान

सञ्चाका लागि सहयोगी पहिचान महत्वपुर्ण हो । जुन माथी अभ्यास गरिएको ७ वटा चरणहरू सञ्चार अभ्यासमा पनि लागु हुन्छन् । लगानीको आवश्यकता पहिल्याउने, सम्भावित सहयोगी र कम्पनी पहिचान गर्ने, व्यक्ति र कम्पनिबारे जानकारी राख्ने, आफ्नो कामको सवाल र कथा थाहा पाउने, सहि व्यक्ति र कम्पनि छनोट गर्ने, व्यक्ति र कम्पनिको कथा बनाउने र नियमित सम्बन्ध र सम्पर्क राख्ने ।



*कुनै पनि समुदायमा काम गर्दा सवै सदस्यहरूलाई सन्देश जाने खालको सूचना तयार गर्नुपर्छ । जस्तो हामीले काम गर्दा सुकुम्बासीको सवालमा मात्र भन्दा पनि आम साना किसान तथा भूमिहीनहरूको सहाभागीता र्‍याली तथा भेला भएकोले सहभागीताको लागि सामुहिक आह्वान गरिन्छ भने सन्देश दिने गरेका छौं । सन्देशले धेरै कुराहरू स्पष्ट पार्छ । साथै आन्दोलन कोषको कुरा गर्दा हामीले पैसा संकलन कहिल्यै भनेनौं । चामल, मर्के, धान, गहुँ, कोदो मुठी संकलन, आलु संकलन, टपरी संकल जस्ता काम गरेर स्रोत जुटायौं । साथै घर घरमा भित्ते लेखन गर्दा रातो माटो र कालीमाटी प्रयोग गरेका थियौं ।*

*- ल्याम बहादुर दर्जी, पर्वत*



**सञ्चार वस्तुहरू लिने र दिनेलाई मिलाउने**

- आफ्नो लक्ष्य, गतिविधि तथा लगानी आवश्यकता थाहा पाउने ।
- सम्भावित दर्शकहरू पहिचान गर्ने । (संस्था, व्यक्ति र जनता)
- आफ्नो दर्शकको व्यक्तित्व चित्र चिन्ने । (संस्था, व्यक्ति र जनता)
- आफ्नो कथा थाहा पाउने ।
- सहि दर्शक चयन गर्ने ।
- उनिहरूको शब्दमा आफ्नो कथा लेख्ने ।
- आफ्नो सञ्चार वस्तु बनाउने ।

**स्थानीय स्रोत खोजीका लागि सञ्चार अभ्यास गरियो**

४/४ जनाको ६ वटा समुह बनाईयो । समुहमा स्पष्ट सञ्चार कसरी दिने, सुन्ने र देखाउने यस विषयमा १ घण्टा ३० मिनेटको अभ्यास भयो । यो अभ्यासले आफुले कतिको बुझाउन सकियो । कतिको तयारी पुग्यो । कतिको स्पष्ट सन्देश बन्यो भन्ने कुरा स्पष्ट गर्न मद्दत पुग्छ ।

**प्रस्तुतीकरण क्षमता**

धेरै विषयवस्तुलाई प्रष्ट पार्ने काम प्रस्तुले पनि भूमिका खेलेको हुन्न । त्यसको लागि पहिले आफुलाई रकरात्मक हिसावले तयार गर्नुपर्छ । आफु तयार नभई प्रस्तुती गर्न सकिदैन । प्रस्तुतीकरणमा स्थान, ब्यवहार र बोलीले धेरै फरक पार्छ । स्थानीय स्रोत खोजीको क्रममा जब प्रस्तुतीकरणको शैलीबाट सहयोगीलाई प्रभाव पार्न सक्दैनौ । हामीले स्रोत लिन पनि सक्दैनौं । सहजीकरण गर्दा दुःखीत, चिन्ता लिएको जस्तो भएर प्रस्तुती गर्नु हुन्छ ।

**महत्वपुर्ण शब्दहरूको जोडः** हरेक प्रस्तुतीमा आफुले बोलेको शक्दले प्रभाव पर्ने हो । त्यसैले सरल र बुझिने शब्दहरू प्रयोग गर्नुपर्छ । सहयोगीको अगाडी हुँदा या समुदाय तहमा प्रस्तुती गर्दा अरूलाई आँच आउने आरोप लगाउने जस्ता शब्दहरू प्रयोग गर्नु हुन्न ।


**बोलिको गति बदल्नेः** प्रस्तुतीकरण गर्दा छिटो छिटो, ठुलो अथवा सानो श्वरमा बोल्न हुन्न । कुनै बेला अलिक ठूलो श्वर छ भने कम गर्नुपर्छ । तर सहभागीले नबुझिनेगरी बोल्नु हुन्न । सानो श्वरबााट शुरू गरिएको छ भने स्वर बढाउनुपर्छ ।

**रोकिनेः** प्रस्तुती गर्दा निरन्तर बोलिरहनु हुदैन । विच विचमा रोकिनु पर्छ । प्रष्ट्याउनुपर्छ । केही महत्वपुर्ण विचारहरूलाई दोऱ्याउनुपर्छ । सहभागीहरूको बुझाई सुन्नुपर्छ ।

**सजिलोसंग उभिनेः** प्रस्तुतीको क्रममा कहिल्यै पनि असजिलो गरी बस्ने र उभिने हैन । हरेक प्रस्तुतीले व्यक्तिको चालले पनि फरक पार्छ । त्यसैले सवैले सवैलाई देखिने गरी प्रस्तुती गर्ने व्यक्ति उभिनुपर्छ । उभिएर बोलेको आवाज सवैले सुन्छन् ।

**लामो श्वास लिनेः** प्रस्तुतीलाई सहज बनाउँदा विच विचमा लामो श्वास लिने गरौं । त्यसले आफ्नो स्वास्थ्य लगायत प्रस्तुतीलाई राम्रो बनाउँछ । अझ् प्रस्ट बनाउँछ ।

**सहभागीबीच आँखा जुधाउने:** प्रस्तुती गर्ने व्यक्तिले प्रत्येक ३ सेकेण्डमा सहभागीहरूवची आँखा जुधाएर प्रस्तुती गर्दा दुवै विचको दुरी बढ्छ । बुझाई बढ्छ । सहभागीको रूची थाहा हुन्छ । निहुरिएर वा आकाशतर्फ फर्केर कहिल्यै प्रस्तुती गर्नुहुन्न ।




**गतिः** प्रस्तुतीको क्रममा आफ्नो गतिलाई बढाउनुपर्छ । एकै ठाउँमा उभिएर प्रस्तुती गर्ने हैन । सहभागीलाई ध्यान दिनको लागि पनि गति बढाउनुपर्छ ।

**हाउभाउः** हरेक प्रस्तुतीमा हाउभाउ महत्वपुर्ण हुन्छ । धेरै कुरा सहजकर्ताको हाउभाउले पनि पत्ता लाग्छ । त्यसैले विषय विस्तुको आधारमा चाल संगै हाउभाउलाई ध्यान दिनुपर्छ । हात बाँधेर पछाडी हात राखेर वा हात टेकेर प्रस्तुती गर्नुहुन्न । महत्वपुर्ण आश्चर्य चकित हुने शब्दहरू ल्याउने । विच विचमा प्रस्तुतीको बुझाई बढाउन उदाहरणहरू पेश गर्नुपर्छ । साथै सहजकर्ताले लगाउने कपडाले पनि असर पार्छ । सरल र स्मार्ट खालको कपडा लगाउनुपर्छ भद्दा हैन ।

**सहजीकरण वा प्रस्तुतीकरणमा ध्यान दिनुपर्ने पक्षहरू**

- सोच्नुपर्छ, सकरात्मक हुनुपर्छ ।
- विषयवस्तुमा ध्यान दिनुपर्छ, तयारी राम्रो हुनुपर्छ ।
- हरेक सहभागीलाई ध्यानदिनुपर्छ । कम्तिमा ३ सेकेण्ड सहभागीतर्फ हेर्नुपर्छ ।
- सहभागीको निधारमा हेर्नुपर्छ, भूईंमा वा सिलिङमा हेर्ने होइन ।
- सहभागीलाई सरल र सुहाउँदो व्यवहार गर्नुपर्छ ।
- कार्यक्रम स्थलको व्यवस्थापनमा ध्यान दिनुपर्छ ।
- आफूलाई कुन स्थानमा वा स्तरमा सहज हुन्छ, त्यही गर्नुपर्छ ।
- सहभागीलाई असर पर्ने व्यवहार र बोली गर्नुहुँदैन ।
- हलमा शान्तसँग हिडडुल गर्नुपर्छ, आवाज आउनु हुँदैन ।
- पोसाक कस्तो लगाएर जाने भन्नेमा पनि विशेष ध्यान दिनुपर्छ । सहभागीले सहजकर्ताको शारिरीक हाउभाउबाट पनि धेरै सिकाई लिने भएकाले यो महत्वपूर्ण छ ।

**छोटो समयमा प्रभावकारी सन्देश प्रवाह**

सहयोगी वा अन्य निकायसँग संधै समय हुन्छ भन्ने छैन । त्यसैले छोटो तर प्रष्ट सन्देश दिनुपर्छ । जुन शब्द, भाव र तपाईले दिएको विचारले सहयोगी वा सरोकारवालाको सकरात्मक सोच पैदा होस् । जव छोटो सन्देश तयार गरिन्छ त्यसमा मिठास चाहिन्छ । शब्द चयन गर्दा पनि सरल तर धेरे शब्द बोल्ने शब्दहरूको खोजी गर्नुपर्छ । जुन बलियो र शक्तिशाली हुन्छ ।



### १ समस्याको परिभाषाः

सब भन्दा महत्वपूर्ण समस्या पहिचान गरी समाधान पहिल्याउनु हो । यदि तपाईंको सेवाले सम्भावित लाभग्राहीहरूको समस्या समाधान गर्ने सोच छ भने, तपाईंसँग  समस्याको विस्तृतिकरण हुन आवश्यक छ । समस्या सुल्झाउने विचार गर्दै हुनुहुन्छ  । जहाँ समाधानले विश्वलाई परिवर्तन गर्दछ । समस्याहरू सरल हुन सक्छन् । जस्तो भूमि अधिकारबाट बञ्चित किसानको समस्यालाई सरल रूपमा क्रमवद्द गर्ने ।

### २ समाधानको विस्तृतिकरण

प्रभावकारी सन्देशका लागि समस्या संगै समाधानको सम्भावनाहरू पनि देखाउनुपर्छ । जस्तो ऐलानी जमिनमा बसेका भूमिहीनहरूको लागि खानपुग्ने उपयुक्त जमिन उनिहरूले जोतभोग गरेका छन् । उनिहरूलाई त्यो जमिनको अधिकार लिन र उत्पादनको लागि वकालतको जरूरी छ । त्यसको लागि उनिहरूले खानाको लागि केही अन्न संकलन गरेरका छन् । यातायातको लागि पैसा संकलन गरेका छन् । सरकारको नीति तथा नियमका कुराहरू पनि यसमा समावेश गर्न सकिन्छ । जसले समस्या सुल्झाउन सक्छ । सहयोगी वा सरोकारवालासँग समस्या समाधानको व्याख्या गर्नु पर्छ । स्पष्ट समस्या कथनले तपाईंलाई त्यो समस्या समाधान गर्नेमा तपाईंको समाधान केन्द्रित गर्न मद्दत गर्दछ । फेरि, प्रयास गर्नुहोस् र सम्भव भएसम्म केहि शब्दहरू तल तपाईंको समाधानको व्याख्या अभिलेख गर्ने ।

### ३ लक्ष्य तय गरी व्याख्या गर्ने

जब समस्या समाधानका पहल भई रहेको छ । स्वाभाविक रूपमा सम्भावित लाभग्राहीहरूको बारेमा सोच्नु पर्दछ । लक्ष्यलाई विभिन्न तहमा बिभाजन गर्नुपर्छ । ताकी सहयोगी र सरोकारवालालाई बुझाउन सजिलो होस् । यसमा कतिको समस्या छ । कति लाई कसरी समाधान गरिने छ । त्यसको एकिन गरिन्छ ।

**४ प्रतिस्प्रधाको बर्णन**

प्रत्येक काम तथा सवालहरूको प्रतिस्पर्धा हुन्छ । यहाँ सम्म कि सामाजिक रूपान्तरणको प्रकृयामा कोही सहभागी हुन आएन भने पीडितहरूले समस्या समाधान आफ्नो हिसावले गर्दै आएका हुन्छ । तर, त्यो पूर्ण हुँदैन । साथै केही वैकल्पीक शक्तिहरू पनि आउँछन् । उद्दाहरणका लागि केही राजनीतिक शक्तीको आडमा भूमिहीन सुकुम्बासीहरूलाई कतै व्यबस्थीत गरेको हुन्छ । तर त्यसमा स्वार्थ हुन्छ । तिनिहरूलाई आश्वासन दिएर चुनाव ताका मात्र प्रयोग गर्ने गरेका हुन्छन् । यस्तो अवस्थामा सुकुम्बासीहरूको अधिकारका लागि दलहरूसँग पनि प्रतिष्पर्धा गर्नुपर्ने हुन्छ ।

**५ समुहमा आदान प्रदान**

जहाँ समुह कार्य हुन्छ । त्यहाँ समस्या समाधानको सफल प्रयास हुन्छ । त्यसैले सन्देश तयार गरे पश्चात समुहमा आदान प्रदान गरी पृष्ठपोषण लिनुपर्छ । साथै प्रभावकारी सन्देश दिनको लागि समस्या समाधानका अन्य साझेदारहरूसँग कुरा गर्नुपर्दछ । समस्या समाधानका लागि अगुवाई गर्ने नेतृत्व टोली विचार महत्वपूर्ण छ । संस्थामा व्यवस्थापन टिम, कार्यसमिति, सल्लाकार समितिहरू छन् । उनीहरूवीच पनि तपाईको सन्देश आदान प्रदान हुनु पर्छ । सन्देश प्रवाहको लागि यो महत्पुर्ण गुण हो ।

**६ अनुमानीत लागतको सारांश**

एक महान सन्देशको लागि आवाश्यक रूपमा विस्तृत अनुमानित लागत राख्नु महत्वपुर्ण हुन्छ । यसमा कस्तो प्रकारको खर्च हुन्छ । कसरी खर्च गरिन्छ भन्ने कुरा महत्वपुर्ण हुन्छ । स्थानीय स्रोत उपयोग मार्फत काम गरिने भएकोले समुदायको सहभागीता, योगदान र दिगोपनाका प्रयासहरू पनि यसमा समावेश गर्नुपर्दछ । उदाहरण को लागि, यदि भूमि अधिकार सम्बन्धी सचेतीकरण कार्यक्रम गर्न लागिएको छ भने त्यसको विस्तृत लागत तयार गर्नु पर्छ । साथै त्यसको विस्तृत आवश्यक खर्चहरू ब्रेकडाउन गर्नुपर्छ ।

**अभ्यासः** ३/३ जनाको ९ वटा समुह बनाई अभ्यास गरियो । उक्त अभ्यासमा सहयोगी, सरोकारवाला र स्रोत खोजी कर्ता बनेर अभ्यास गरिएको थियो । उक्त अभ्यासले छोटो समयमा प्रभावकारी सन्देश दिन पालैपाले अभ्यास गरिएको थियो । उक्त अभ्यास पश्चात सहभागीहरूमा आफ्नो सुधार पक्ष पहिल्याई प्रभावकारी सन्देश बनाउन सहयोग पुगेको थियो ।



## चौथो दिन


### समीक्षा

- छोटो समयमा दिइने प्रभावकारी सन्देशको अभ्यासले सहयोगी वा सरोकारवालाहरूलाई हाम्रो अभियानमा कसरी प्रभाव पार्न सकिन्छ भन्ने कुरा सिकाएको छ । यो अभ्यासमा पहिला आफु तयार हुनुपर्छ । प्रभावकारी शब्द प्रयोग गरेर सन्देशहरू तयार गर्नुपर्छ ।
- प्रस्तुतीकरण शैली आफैले बनाउने हो । हामी भन्छौ । तर, सुन्दैनौ । प्रस्तुती शैलीमा बढी आफुले सुन्नुपर्छ । शब्दहरू प्रभावकारी हुनुपर्छ । साथै पोसाक कस्तो लगाएर जाने भन्नेमा पनि विशेष ध्यान दिनुपर्छ । सहभागीले सहजकर्ताको शारिरीक हाउभाउबाट पनि धेरै सिकाई लिने भएकाले यो महत्वपूर्ण छ ।
- हामीले शिविरहरू सञ्चालन गर्दा वा सरोकारवाला समक्ष प्रस्तुती गर्दा आफुसँग भएका कुरा मात्र दिन्छौं । भनेको विषयवस्तुमा मात्र हाम्रो ध्यान जान्थ्यो । तर विचार पु¥याउनुपर्ने कुराहरू हाउभाउ, सहभागिवीच कनेक्सन महात्वपुर्ण छ ।
- स्थानीय स्रोत खोजी र परिचालनमा सरोकारवाला वा सहयोगीले बुझ्ने र प्रभाव पार्न सक्ने शब्द, बोली र व्यवहार महत्वपुर्ण छ । त्यसमा सहजीकरण गर्ने व्यक्तिको अहम् भूमिका हुन्छ ।
- संस्थाको व्यवस्थापन टीम, कर्मचारी, कार्यसमिति, सल्लाहाकार समितिको पृष्ठपोषण महत्वपुर्ण हुन्छ । जसले सकारात्मक सन्देश तयार गर्न मद्दत गर्छ । त्यसैले समुह कार्य महत्वपुर्ण छ ।

### अनलाईन कोर्ष

दिन भरी ६ वटा समुहमा अनलाईन कोर्षको अभ्यास गरियो । अंग्रेजी शब्द बुझ्ने हरूका लागि अनलाईन कोर्ष अझ बढी प्रष्ट हुने र महत्वपुर्ण छ । यो जिल्लाका अन्य सदस्य, कर्मचारीहरूले लिन सक्ने छन् । अनलाईन कोर्ष सम्पन्न गरेका व्यक्तिलाई चेन्ज द गेम एकेडिमिले प्रमाणपत्र पनि उपलब्ध गराउँछ । अनलाईन कोर्षमा दश वटा मोडुअल छ ।

अनलाईन कोर्षका लागि पहिला https://www.changethegameacademy.org लगइन गर्ने । त्यस पश्चात अनलाईन कोर्ष क्लिक्ल गर्ने । त्यसमा Local fundraising and Mobilising support मध्ये Local fundraising गर्ने त्यस पश्चात प्रत्येक अनलाईन कोर्षमा एक पछी अर्को मोडुअल प्रवेश गर्दै जाने ।



## पाँचौ दिन

### समीक्षा

- अनलाइन कोर्ष कम्प्युटर चलाउन जान्नेलाईमा मात्र बढी सहज भयो । त्यसैले कम्प्युर र नेटको सुविधा नहुनेलाई प्रस्तुती गरेको पावरप्वाईन्ट प्रिन्ट गरेर दिदाँ राम्रो हुन्छ ।
- अनलाईन मोडुअल सवै अंग्रेजीमा भएकाले बुझ्न अलि कठिन भयो । अनलाईन कोर्षमा आफ्नो क्षमता आफैले जाँच गर्न सकिने रहेछ । अभ्यास गर्दै जाँदा प्रष्ट भईयो ।
- हामीले छलफल गरेको भन्दा धेरै बढी कुराहरू अनलाईन कोर्षमा पाईयो । हामी आफैले घरमा बसेर पनि यो कोर्ष पुरा गर्न सक्छौं ।
- सवैले अनलाईन कोर्ष लगइन गर्नुपर्छ । चेन्ज द गेम एकेडेमीले हाल विभिन्न भाषामा अनलाईन कोर्ष डिजाइन गरेको छ । यदी नेपालबाट पनि साइन इन गर्ने र यो कोर्ष लिनेको संख्या बढ्यो भने नेपालीमा बनाउने तयारी गर्दै छ ।

### स्थानीय कोष संकलन समूह गठन


कोष संकलन समूह एउटा गतिविधि हो । सर्वप्रथम एउटा कर्मचारी सदस्यको आवश्यकता हुन्छ । जसलाई मुख्य भूमिका दिनुपर्छ । सङ्गठन भित्र टिम निर्माण गर्नु सबैभन्दा बढी उपयुक्त हुन्छ । जसले सँगै पुँजी संकलनको काम गर्नेछ । सङ्गठनका विभिन्न भागका मानिसहरूलाई सहभागी गराउने जस्तो: कार्यक्रम, रकम र सञ्चार । सङ्गठनका निर्देशक वा वोर्ड सदस्य पुँजी संकलन टिमलाई मार्गनिर्देश गर्न र सर्मथन गर्न संलग्न रहेको निश्चित गर्ने ।



स्थानीय कोष संकलन र उपयोगको लागि चुस्त र स्वपरिचालित समुह चाहिन्छ । हरेक कामको पारदर्शिता र जवाफदेहिता बहन गर्न सक्ने । सहयोगीलाई प्रभाव पार्न सक्ने र कोषको व्यवस्थापन र उपयोग गर्न सक्ने समुह गठन गर्ने हो ।

### कार्यात्मक टोलीको भूमिका

कोष संकलन गर्ने समुह गठन गर्ने मात्र यसको उद्देश्य हैन । यो समुहको कार्यात्मक भूमिका रहन्छ । आयोजक खम्बा हो । स्थानीय स्रोत खोजी र व्यवस्थापनमा महत्वपुर्ण भूमिका आयोजकको रहन्छ । व्यवहारिक र पथप्रर्दशनको लागि यो टोलीको भूमिका मुख्य हुन्छ । बाधा आएको खण्डमा यसै टोलीको सदस्यले नै फुकाउन र व्यवस्थापन गर्ने भूमिका खेलेको हुन्छ । त्यस्तै नियन्त्रण र परिचालनमा पनि यो टोलीको भूमिका रहन्छ । समुह गठन मात्र मुख्य हैन । त्यसैले संयोजक मियो र त्यसको वरीपरी कार्यगत टिमका सदस्यहरूले महत्वपुर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।




कुनै संस्थाले स्थानीय कोष अभिवृद्धीको लागि छुट्टै ब्यक्तिलाई जिम्मेवारी दिएको हुन्छ । त्यस्तो ब्यक्ति छनोट गर्दा कामलाई केन्द्रित गर्न सकिन्छ । नत्र एउटा व्यक्ति धेरै जिम्मेवारी दिइयो भने पनि जुन लक्ष्य र उद्देश्यको साथ कोष संकलन नहुन पनि सक्छ । त्यसैले कोष संकलनको कामको घेरा बढाउनुपर्छ । बाहिर जाने उत्साहित मनोवृत्ति आवश्यक हुन्छ । कार्यगत समुहमा त्यस्ता मानिसहरूको पहिचान गर्नुहोस् जो यसको बारेमा कुरा गर्न र यसलाई सहयोग गर्नुपर्ने कारण खोज्न आनन्द मान्दछन् ।



## स्थानीय कोष संकलन योजना

स्थानीय कोष अभिवृद्धी तालिमको उद्देश्य स्थानीय कोष संकलन गर्ने नै हो । योजना कसरी बनाउने भन्ने छुट्नै महत्व छ । यसका लागि कस्तो प्रकारको सहयोग चाहेका छौं । आफै स्पष्ट हुन जरूरी छ । त्यसका लागि कस्ता सहयोगीहरू कहाँ कस्तो प्रकारको सहयोगको लागि जाने भनेर उत्कृष्ट सम्भावित सहयोगीहरू छनोट गरी सूची तयार गर्नुपर्छ ।

सबैभन्दा उपयुक्त पुँजी संकलन विधिलाई परिभाषित गर्नुपर्छ । पुँजी संकलन गतिविधिहरूका लागत-लाभ पक्षलाई विश्लेषण गरेर आफ्नो स्रोतको सबैभन्दा उपयुक्त सम्भावित सूची तयार गर्नुपर्छ । पुँजी संकलन गतिविधिहरूको अनुगमन, समायोजन र मूल्याङ्कन गर्न सक्षम बनाउने छ ।

## स्थानीय कोष संकलन मार्गनिर्देश

१. आफ्नो आवश्यकता र उदेश्यहरूलाई चिन्ने
२. आफ्नो कथालाई जान्ने । (दृष्टिकोण र लक्ष्य)
३. सहयोगीहरूको पहिचान
४. सहयोगीहरूको कथा जान्ने ।
५. सहयोगीहरूलाई आफ्नो परियोजनासँग मिलान गर्ने ।
६. आफ्नो कथालाई उनीहरूको शब्दमा मिलाउने ।
७. कार्य गर्ने ।

कार्य श्रृङ्खलाहरूको मिलान

| **सम्भावित सहयोगी** | **उनीहरूको कथा : उनीहरू हामीबाट के चाहान्छन् ?** | **हाम्रो कथा : कस्तो प्रकारको सहयोग हामी उनीहरूबाट चाहान्छौ ?** | **हाम्रा सम्भावित पुँजी संकलन योजना कार्यहरू** |
|---|---|---|---|
| व्यक्ति १ | | | |
| व्यक्ति २ | | | |
| ..... | | | |
| कम्पनि १ | | | |
| कम्पनि २ | | | |
| ..... | | | |
| एनजिओ १ | | | |
| एनजिओ.. | | | |
| सञ्चार माध्यम | | | |
| अन्य | | | |

स्थानीय कोष अभिवृद्धी योजना तयार गर्दा परियोजनाका मुख्य उद्देश्य र फाइदाहरू तयार गर्नुपर्छ । परियोजनाको आकारको बारेमा ध्यान दिनुपर्छ । जस्तो लाभग्राहीको संख्या, परिवार, समुदाय इत्यादि) । मुख्य गतिविधि र समयसीमा एकिन गर्नुपर्छ । कहिले कसरी भन्ने कुरा छुटाउनु हुँदैन । परियोजनाका लागि सम्भावित सहयोगीहरूको सुची तयार गर्ने ।

**उनीहरूको कथा :** उनीहरूले परियोजनाबाट के कुरा प्राप्त गर्ने चाहाना राख्नेछन् ? (यदि उनीहरूले यसलाई सहयोग गरेका छन् भने) उनीहरूबाट के चाहाना राखिन्छ भन्ने कुरा महत्वपुर्ण हो । सम्भावित कोष संकलन योजनालाई प्रतिविम्बित गर्ने । जसको मिलान नि हुनेछ । जुन कुराहरू मोड्युल ४ अनलाइनमा परियोजनाका लागि पुँजी संकलन योजना नमुना उल्लेख गरिएको छ ।

**मोड्युल ४ अनलाइन : परियोजनाका लागि पुँजी संकलन योजना**

१) कोष संकलन परियोजनाको छोटो विवरण

२) परियोजनाको आवश्यकता र बजेट :

क) नगदमा

ख) प्रकारमा

ग) समयमा

३. कोष संकलन विधिहरू (एफटी) र एफटी बजेट :

क) यस एफटी लक्षित सहयोगी समूहहरू

ख) अनुमानित कुल आय,

ग) पुँजी संकलन खर्चहरूको हिसाब (नगदमा, प्रकारमा, समयमा)

घ) खुद आम्दानी (नगदमा)

४. लगानी प्रतिफलको हिसाब अनुमानित आय र अनुमानित खर्च



सहभागीहरूवीच स्थानीय कोष अभिवृद्धी योजनाको अभ्यास गरी जिल्लागत रूपमा गरिने अभ्यासको योजना निर्माण गरियो ।

| क्र.स. | क्रियाकलाप | कहिले | लक्ष्य | जिल्ला | जिम्मेवारी | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय कोष अभिवृद्धी तालिमको सिकाई आदान प्रदान गर्ने | जनवरी, २०२० | १३ | रसुवा, सिन्धुपाल्चोक, ओलढुंगा, महोत्तरी, सर्लाही, कपिलवस्तु, रूपन्दही, नवरपुर, परासी, दाङ, सुर्खेत, कञ्चनपुर, काँस्की | सम्बन्धीत जिल्लाका तालिम सहभागी | जिल्ला भूमि अधिकार मञ्च |
| २ | स्थानीय निकायमा बजेट सहितको योजना पेश | मार्च, २०२० | ९ | रसुवा, सिन्धुपाल्चोक, सर्लाही, कपिलवस्तु, रूपन्देही, दाङ, सुर्खेत, कास्की, कञ्चनपुर | सम्बन्धीत जिल्लाका तालिम सहभागी | जिल्ला भूमि अधिकार मञ्च |
| ३ | जिल्ला मञ्चमा अभियान कोष वाकसराख्ने | फेब्रुअरी, २०२० | ४ | चितवन, रसुवा, दाङ र कास्की | ल्याम बहादुर दर्जी, | |
| ४ | सदस्यता नविकरण र वितरण गर्ने | मार्च, २०२० | १३ | रसुवा, सिन्धुपाल्चोक, सर्लाही, कपिलवस्तु, रूपन्देही, दाङ, सुर्खेत, कास्की, कञ्चनपुर | सम्बन्धीत जिल्लाका तालिम सहभागी | जिल्ला भूमि अधिकार मञ्च |
| ५ | सामुहिक शिविर गर्ने | अप्रिल २०२० | ४ | सर्लाही, महोत्तरी, दाङ र सिन्धुपाल्चोक | भावानी, बिरबहादुर, विश्वराम र गोपिनि | जिल्ला भूमि अधिकार मञ्च |



**समापन**

**माधव धमला, ओखलढुंगा**

पहिला अन्तबाट स्रोत खोजेर अभियान सञ्चालन गरेका थियौं । तालिम पश्चात तत्काल जिल्ला भूमि अधिकार मञ्चसँग छलफल गरेर खुत्रुके बचत सुरू गर्छौ । र स्थानीय निकायबाट स्रोत खोजीको लागि योजना बनाउने छौं । यो तालिमले अरूको स्रोत ल्याएर मात्र दिगो काम हुँदैन । दिगो कामको लागि स्थानीय कोष खोजी र परिचालन जरूरी छ भन्ने सिकाई भएको छ ।

**ल्याम बहादुर दर्जी, पर्वत**

सञ्चार माध्यमको भूमिमा महत्वपुर्ण छ । हामीले गरेको कामलाई बाहिर ल्याउन सके सहयोगीहरूको मनलाई पगाल्न सकिन्छ । निजी क्षेत्रलेसामाजिक कामको लागि स्रोत छुट्याएका हुन्छन् । तर, त्यो स्रोतहरू त्यतिकै खर्च भएका छन् । हामीले त्यस्ता कम्पनिहरूसँग योजना बनाएर गयौं भने समाजिक सुरक्षा अर्न्तगतको स्रोत उपयोग गर्न सक्ने रहेछौं ।

**बिरबहादुर बि.क., महोत्तरी**

पैसालाई मात्र मध्य नजर गरी योजना बनाउँथ्यौं । समुदायले गरेको योजना, कोष संकलन हामीले मूल्यांकन गरेका रहेन छौं । हामीले सामुदायिक हल, पालिकाको भवन, स्रोत ब्यक्ती, लगायतका सेवाहरू निशुल्क उपलब्ध भयो भने त्यो नै स्थानीय स्रोत हो भन्ने सिकाई भएको छ ।

**मन्जु चौधरी, नवलपरासी**

कार्यक्रम सञ्चालन गर्नको लागि बाहिरी संस्थाको मात्र भर नपरी अन्य अभियानहरू गरेर पनि कोष संकलन गर्न सक्छौ भन्ने सिकाई भएको छ । जस्तो देउसी भैलो, सामुहिक श्रम, मुठी दान, चन्दा संकलन र च्यारिटी सोहरू गरेर पनि कोष संकलन हुन्छ । साथै हामीले धेरै स्रोतहरू त्यतीकै खेर फालेका छौं । पत्रपत्रिका बिक्री, संकलन आदीबाट पनि स्थानीय कोष अभिबृद्धि गर्न सकिन्छ ।

**शान्ती मोक्तान, रसुवा**

हामीले के उद्देश्यको लागि स्रोत संकलन गर्न लागेका छौं । ति कुरा पहिला आफु प्रष्ट हुनुपर्छ र जो संग स्रोत संकलन गर्न जान्छौं उसलाई पनि बुझाउनु पर्छ ।

**कुमार थापा, आत्मनिर्भर केन्द्र**

अभ्यासलाई अवसरमा बदलौं । स्थानीय कोष अभिवृद्धीतालिम पश्चात समुदामा राम्रो काम गर्न सकियो र अनलाईन कोर्षलाई पुरा गरियो भने । चेन्ज द गेम एकेडेमीले थप तालिमको अवसर प्रदान गर्ने छ । साथै जिल्लामा स्थानीय कोष संकलनको क्रममा केही समस्या भएमा आत्मनिर्भर केन्द्र र हामीलाई सम्पर्क गर्नु सक्नु हुने छ । आशा छ । यहाँहरूले आ-आफ्नो जिल्लामा गएर यो कामलाई अघि बढाउनु हुने छ ।

**कार्यसुची र समय तालिका**

**पहिलो दिन**

| **समय** | **विषयवस्तु** | **विधि** | **गाईडलाईन** |
|---|---|---|---|
| ९:००-९:१५ | स्वागत र आत्मनिर्भर केन्द्रको छोटो परिचय | प्रस्तुती | |
| ९:१५-९:३० | चेन्ज द गेम एकेडेमी परिचय र स्थानिय स्रोत परिचालन तालिमको उद्देश्य | छलफल | |
| ९:३०-९:४५ | सहभागी परिचय *(सिकाई र दैनिक समीक्षाको लागि २ जना ब्यक्ति छनौट गर्ने)* | आईस ब्रेक | - चित्र कार्डहरु वितरण गर्ने<br>- उही तस्वीर भएको साथी छान्न लगाउने<br>- जोडी साथी मध्ये एक अर्काको परिचय दिने |
| ९:४५-१०:०० | सहभागीको अपेक्षा संकलन | सहभागी सवैसंग छलफल गर्ने । | - सहभागीलाई मेटा कार्डमा लेख्न लगाउने । सवै एकै ठाउँमा जम्मा भएर सुन्ने<br>- एउटै प्रकृति र भिन्नै प्रकृतिको अपेक्षा बर्गिकरण गर्ने |
| १०:००-११:०० | - स्थानिय स्रोत खोजी र परिचालन के हो ?<br>- स्थानिय स्रोत परिचालनको महत्व<br>- स्थानिय स्रोत परिचालनको प्रकार | - सहभागीबाट अनुभव आदान प्रदान गर्ने ।<br>- सहजकर्ताबाट प्रस्तुती<br>- आत्मनिर्भर केन्द्र र मञ्चले गरेको कामको अनुभव ( घटना) समुहमा छलफल गर्ने ।<br>- स्थानिय स्रोत परिचालन सम्बन्धी भिडियो हेर्ने | - सहभागीहरुलाई स्थानिय स्रोत परिचालनको महत्वको विषयमा अनुभव राख्न लगाउने ।<br>- स्थानिय स्रोत खोजी र परिचालनका प्रकारहरुको विषयमा सहभागीलाई मेटाकार्डमा लेख्न लगाउने, नगद, जिन्सी, ज्ञान, समय.......<br>- अफ्रिकाको भिडियो हेर्ने । |
| ११:००-१:०० | स्थानिय स्रोत परिचालनको ७ विशेषताहरु | प्रस्तुती र छलफल | प्रस्तुती |
| | छायाँ साथी छान्ने | | |
| १:००- २:०० | खाना | | |
| २:०० -५:०० | **माईण्डसेट र सहयोगी** | - सहभागीवीच | - सहभागीहरुवीच छलफल गर्ने । |

| | | | |
|---|---|---|---|
| | **प्रशंसा**<br>- सहयोगी केहो र किन ?<br>- सहयोगीहरुको प्रकार<br>- मानसिकता के हो र यसको महत्व केहो ?<br>- डोनरको मानसिकता कसरी म्याच गर्ने ? | मन्थन गर्ने<br>- सहभागीहरुबाट अनुभव बाँड्न लगाउने<br>- प्रस्तुती | व्यक्तिहरुले किन दान दिन्छन् ।<br>सहयोगी हामीहरु सामु आएका छन् ? हामी सहयोगीहरु सामु पुगेका छौ ? छलफल गर्ने<br>- सहभागीविच सफलता र असफलताको विषयमा सोध्ने । कसरी सफलता मिल्यो ? कसरी असफलता भईयो PPP - **Different Levels & Sources of Income** |
| | **मुल्यांकनको लागि मेटाकार्ड वितरण गर्ने** | | - सहभागीहरुलाई सिकाई, बुझाई र सुझाव लेख्न लगाउने |

**दोस्रो दिन**

| **समय** | **विषयवस्तु** | **विधि** | **गाईडलाईन** |
|---|---|---|---|
| ९:००–९:१५ | पहिलो दिनको समीक्षा | आईस ब्रेक | सहभागीहरुको तर्फबाट नेतृत्व लिई समीक्षा गर्ने । |
| ९:१५–१०:३० | **दातृ निकायको प्रशंसाको लागि सक्रिय सुनाई**<br>- सक्रिय सुनाई भनेको के हो ?<br>- सक्रिय सुननाईको महत्व<br>- सक्रिय सुनाईको प्रकृया | - खेल र आईस ब्रेक<br>- अनुभव आदान प्रदान<br>- प्रस्तुती<br>- रोल प्ले | प्रत्येक समुहमा ३/३ जना हुने गरी ६ वटा समुह बनाउने । तिनिहरुलाई सहयोगी, सङ्गठन, प्रतिनिधि र प्रर्यवेक्षकको भूमिका दिने |
| १०:३०–१:०० | स्थानिय स्रोत खोजी, परिचालनका चरण र आयको स्रोतहरु | - सहभागीहरुबाट अनुभव आदान प्रदान<br>- स्थानिय स्रोत खोजी र परिचालन सम्बन्धी १० चरणहरुको प्रस्तुती<br>- आय स्रोतको प्रस्तुती | - जिल्ला तथा सङ्गठन अनुसार समुह बिभाजन गर्ने । उनिहरुलाई स्थानिय स्रोत खोजी र परिचालन प्रकृयाबारे लेख्न लगाउने । पछी सहभागीलाई अझ प्रष्ट पार्न १० चरणहरु समावेश गर्ने ।<br>- सहभागीहरुलाई प्रश्न गर्ने कसरी स्रोत जुटाईयो ।<br>- यसलाई पहिलो दिनको शिर्षकमा लिंक गर्ने । सहयोगीहरुको प्रकार र उनिहरुको रुची । |
| १:०० – २:०० | **खाना** | | |
| २:००–३:३० | **सहयोगी प्रोफाईल**<br>- सहयोगी | - प्रस्तुती<br>- सहभागीहरुवीच | |

| | | | |
|---|---|---|---|
| | प्रोफाईलको महत्व<br>- सहयोगी प्रोफाईलको ७ चरणहरु | मन्थन गर्ने । | |
| ३:३०–५:०० | ***कोष संकलन प्रकृया***<br><br>***Techniques of Fund Raising*** | - सहभागीहरुवीच मन्थन गर्ने ।<br>- घटना अध्ययन प्रस्तुती<br>- कोष संकलन प्रकृया सम्बन्धी प्रस्तुती | भूमि अधिकार अभियानमा कोष संकलनका लागि भएका प्रयास सम्बन्धी घटना अध्ययनहरु प्रस्तुत गर्ने । समुहमा छलफल गर्न लगाउने |

**तेस्रो दिन**

| **समय** | **विषयवस्तु** | **विधि** | **गाईडलाईन** |
|---|---|---|---|
| ९:००–९:१५ | दोस्रो दिनको समीक्षा | आईस ब्रेक | सहभागीहरुलाई नेतृत्व गर्न दिने |
| ९:१५–११:१५ | **स्थानिय स्रोत खोजी र परिचालनका लागि सञ्चार**<br>- प्रभावकारी सञ्चारको महत्व<br>- प्रभावकारी सञ्चार महत्वका चरणहरु<br>- प्रभावकारी सञ्चारको तत्वहरु<br>- पृष्ठपोषण क्षमता | आईस ब्रेक<br><br>Role play/ exercise | प्रभावकारी सञ्चार सम्बन्धी आईस ब्रेक<br>*Head ,body and tail related presentation including other required elements to be considered for effective communication*<br><br>*1 Tip/ 1 Top* |
| ११:१५–१:०० | **प्रस्तुतीकरण क्षमता**<br>- प्रस्तुतीकरण क्षमता किन आवश्यक छ ?<br>- प्रभावकारी प्रस्तुतीकरण शैली र संरचना<br>- चलिरहेको अभ्यास र घटनाहरुको प्रभावकारी प्रस्तुतीकरणको नमुना | प्रस्तुती<br>समुह छलफल र कुनै प्रस्तुतीकरणको प्रभावकारीता सम्बन्धी घटना अध्ययन तथा भिडियो माथी छलफल गर्ने । | चित्र, कथा, भिडियो, पोष्टरमा छलफल गर्ने ।<br><br>सहभागीहरुलाई समुहमा विभाजन गर्ने । कुनै सवाल तथा घटनामा आधारित भएर प्रस्तुती गर्न लगाउने । |
| १:०० – २:०० | **खाना** | | |
| २:००– ३:०० | Pitching Skill-<br>Structured pitching<br>छोटो समयमा आफ्नो भनाई राख्ने अभ्यास) | समुह छलफल | समुहमा पुरै सुचना आउने गरी १ मिनेटमा म्यासेज भन्न लगाउने । समुहमा अभ्यास गर्ने । सवै कुरा आए नआएको छलफल गर्ने । |
| ३:१५–५:०० | स्थानिय स्रोत खोजी र परिचालनका लागि प्रभावकारी सञ्चार | समुहमा छलफल र अभ्यास | |

**चौथो दिन**

| समय | विषयवस्तु | विधि | गाईडलाईन |
|---|---|---|---|
| ९:००-९:१५ | तेस्रो दिनको समीक्षा | आईस ब्रेक | सहभागीहरुवीच छलफल गर्ने । नेतृत्व गर्न दिने |
| ९:१५-११:१५ | स्थानिय स्रोत खोजी र परिचालन योजना १ | समुह कार्य अनलाई मोडुअलमा अभ्यास गर्ने | सहभागीहरुलाई अनलाईको आधारमा स्थानिय कोष जुटाउने योजना बनाउन लगाउने । |
| ११:१५-१:०० | स्थानिय स्रोत खोजी र परिचालन योजना प्रस्तुती १ | प्रस्तुती र पृष्ठपोषण | सहभागीहरुलाई अनलाईनको आधारमा स्थानिय कोष जुटाउने योजना बनाउन लगाउने । |
| १:०० - २:०० | खाना | | |
| २:००-५:०० | स्थानिय स्रोत खोजी र परिचालन योजना र प्रस्तुती २ | समुह कार्य अनलाई मोडुअलमा अभ्यास गर्ने | सहभागीहरुलाई अनलाईनको आधारमा स्थानिय कोष जुटाउने योजना बनाउन लगाउने । |

**पाँचौ दिन**

| समय | विषयवस्तु | विधि | गाईडलाईन |
|---|---|---|---|
| ९:००-९:१५ | चौथो दिनको समीक्षा | आईस ब्रेक | सहभागीहरुवीच छलफल गर्ने । नेतृत्व गर्न दिने |
| ९:१५-१:०० | स्थानिय स्रोत खोजी र व्यवस्थापन कार्यान्वयन योजना | समुह कार्य, प्रस्तुती र मोडुअल ५ अनलाई अभ्यास | सहभागीहरुलाई योजना बनाई प्रस्तुती गर्न लगाउने र समुहमा पृष्ठपोषण दिने । |
| १:०० - २:०० | | खाना | |
| २:०० - ४:०० | स्थानिय स्रोत खोजी र परिचालनको तयारी Postures preparing | | सहभागीहरुलाई एक घण्टा योजना बनाउन लगाउने र प्रस्तुती गर्न लगाउने । योजना रचनात्मक बनाउनको लागी पृष्ठपोषण दिने |
| २:००-५:०० | मूल्यांकन र समापन | सहजकर्ता टिमले तयार गरेको फारम भर्न लगाउने । गोलो घेरामा सहभागीहरुको कुरा सुन्ने | टिप र टपको कुरालाई ध्यानमा राख्दै सहभागीहरुको कुरा सुन्ने । प्रमाणपत्र हस्तान्तरण गरी समापन गर्ने । |

**सहभागी**

| क्र.स. | सहभागीको नाम | गा.पा/न.पा. | संस्था र समूहको नाम | फोन नं |
|---|---|---|---|---|
| १ | शान्ती मोक्तान | नौकुण्ड गाउँपालिका-५, | आत्मनिर्भर केन्द्र, रसुवा | ९८१८४१४२५८ |
| २ | विश्वराम गुरागाँई | हेलम्बु गाउँपालिका-६, | जिल्ला मञ्च, सिन्धुपाल्चोक | ९८१८४७९६१८ |
| ३ | सरस्वती व्याङ्जाङ्कर | ललितपुर उप म.न.पा. | युनिका फाउण्डेसन | ९८६१५६६७४४ |
| ४ | विर बहादुर बि.क | बर्दिबास न.पा-१० | जिल्ला मञ्च, महोत्तरी | ९८१७६१९९१० |
| ५ | सुरज गजेुल | हेलम्बु गाउँपालिका-६, | जिल्ला मञ्च, सिन्धुपाल्चोक | |
| ६ | गोपिनि परियार | नौकुण्ड गाउँपालिका-५, | जिल्ला मञ्च, रसुवा | |
| ७ | भवानी घिमिरे | हरिपुर नगरपालिका-१ | जिल्ला मञ्च, सर्लाही | ९८१९८१८०५० |
| ८ | माधव धमला | मोलुङ गाउँपालिका १ | जिल्ला मञ्च ओखलढुंगा | ९८४२९८०६६७ |
| ९ | लालकुमारी धमला | मोलुङ गाउँपालिका १ | जिल्ला मञ्च ओखलढुंगा | ९८४२८०३३७६ |
| १० | कुमारी गुरूङ | पोखरा म.न.प-१५ | जिल्ला मञ्च, काँस्की | ९८०४१४३८५१ |
| ११ | जीतबहादुर मोक्तान | पोखरा म.न.पा.-९ | जिल्ला मञ्च, काँस्की | ९८०५८५९६९० |
| १२ | अनु चौधरी | लालझाडी गाउँपालिका-४ | जिल्ला मञ्च, कञ्चनपुर | ९८१०६००५३८ |
| १३ | जोग सुनार | कृष्णपुर नगरपालिका-३ | जिल्ला मञ्च, कञ्चनपुर | ९८०६४४१८२६ |
| १४ | मन्जु चौधरी | बुद्धभूमि नगरपालिका-२ | जिल्ला मञ्च, कपिलवस्तु | ९८११४३५५८१ |
| १५ | केशव चौधरी | बुद्धभूमि नगरपालिका-३ | जिल्ला मञ्च, कपिलवस्तु | |
| १६ | ढाकाराम रेग्मी | पञ्चपुरी नपा-३ | जिल्ला मञ्च, सुर्खेत | ९८४४८१७३३१ |
| १७ | पबित्रा बराल | विरेन्द्रनगर न.पा.-१२ | जिल्ला मञ्च, सुर्खेत | ९८६८२२७००१ |
| १८ | सुमबहादुर बि.क. | गैडाकोट नपा-४ | जिल्ला मञ्च, नवलपुर | ९८०७२८३९७४ |
| १९ | उमा बि.क. | गैडाकोट नपा-५ | जिल्ला मञ्च, नवलपुर | ९८११८९३६४० |
| २० | ल्यामबहादुर दर्जी | फलेबास नपा-५ | राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल | ९८४७६३६२७६६ |
| २१ | रामसरी बुढामगर | घोराही | जिल्ला मञ्च, दाङ | |
| २२ | दिपेश परियार | घोराही | जिल्ला मञ्च, दाङ | |
| २३ | मन्जु श्रेष्ठ | बर्दघाट नगरपालिका | राष्ट्रिय मञ्च, नेपाल | |
| २४ | भगवती बि.क. | बर्दिबास न.पा-१० | जिल्ला मञ्च, महोत्तरी | |
| २५ | कुमार थापा | मेनपा-६ | आत्मनिर्भर केन्द्र | ९८५१२२४२८२ |
| २६ | प्रभा परियार | का.म.न.पा-३० | सहजकर्ता | ९८४०९१६९७८ |
| २७ | बिष्णु शेर्मा | तार्केश्वर न.पा-४ | सहजकर्ता | ९८६१९२४८७० |

☺☺☺